म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१० शुक्रबार ८ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 23 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चट्याङ्को समयमा सतर्क रहौं**

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# जिल्लाका ९ पालिका बजेट ल्याउने तयारीमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुरका ९ वटा स्थानीय तह आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बजेट ल्याउने तयारीमा जुटेका छन् ।

हेटौंडा उपमहानगर पालिकाले भने यसअघि नै नीति, कार्यक्रम र बजेट एकैसाथ ल्याईसकेको छ । मकवानपुरमा एक उपमहनगर, एक नगरपालिका र ८ गाउँपालिका छन् । जसमध्ये थाहा नगरपालिका र बाँकी ८ गाउँपालिकाले बजेटको तयारी गरेका हुन् । विकट कैलाश गाउँपालिकाले भने बिहीवार नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ ।




स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले असार १० भित्र आगामी आवको नीति तथा कार्यक्रम र बजेट गाउँ/नगरसभामा पेस गर्नुपर्छ । बजेटमा गत आवको राजस्व र व्ययको यथार्थ विवरण, चालु आवको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आवको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण समावेश गर्नुपर्छ ।

स्थानीय तहले आन्तरिक राजस्व र आयबाट प्राप्त रकम, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलगायतका आधारमा वार्षिक बजेट निर्माण गर्नुपर्दछ । योजना निर्माणका विभिन्न तह पार गरी नीति तथा कार्यक्रम र बजेट ल्याउने अन्तिम तयारीमा जुटेका स्थानीय तहको बजेट केही कटौती हुने भएको छ । संघ र प्रदेशबाट प्राप्त हुने अनुदान खुम्चिएको र आन्तरिक आम्दानीको स्रोत परिचालन कमजोर बनेपछि संघ र प्रदेश सरकारको जस्तै यहाँका सबै जसो स्थानीय तहको बजेटको आकार घट्ने निश्चित भएको छ । स्थानीय तहको आगामी आवको बजेट चालु आवको तुलनामा १० प्रतिशतको हाराहारीमा बजेटको आकार घट्ने आंकलन स्थानीय तहका पदाधिकारीहरुको छ ।

हेटौँडा उपमहानगर पालिकाले संघ र प्रदेशबाट आउने अनुदानसँगै आन्तरिक स्रोत घटेको भन्दै चालु आवको तुलनामा घटाएर आगामी आवको बजेट ल्याएको थियो । आगामी आवका लागि हेटौँडा उपमहानगरपालिकाले दुई अर्ब ६० करोड ६५ लाख ४० हजार रुपैयाँको बजेट ल्याएको थियो । यो चालु आवको बजेटको तुलनामा हेटौंडा उपमहानगरको बजेट ११ करोड रुपैयाँले कम हो ।

स्थानीय तहको आगामी आवको नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता विगत वर्षमा झैँ मूलत: कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य र पर्यटन नै पर्ने भएको छ । राक्सिराङ गाउँपालिकाका प्रवक्ता एवं वडा नं. ५ का वडाध्यक्ष हरि बहादुर प्रजाले आगामी आवको नीति तथा कार्यक्रम र बजेट असार ९ गते गाउँसभामा पेस गर्ने गरी तयारी भइरहेको जानकारी दिए । उनले प्रदेश र संघीय सरकारबाट अनुदान रकम घटेर आएकाले आगामी आवको बजेटको आकार घट्ने बताए ।

कैलाश गाउँपालिकाले कार्यक्रम र बजेटको रातो किताबमा पहिलो पटक गाउँपालिकाभित्र काम गर्दै आएको गैरसरकारी संस्थाको बजेट र कार्यक्रमसमेत समेटेर आगामी आवको बजेट सार्वजनिक गर्ने भएको छ । यो गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टले यही असार ७ गते नीति तथा कार्यक्रम र १० गते बजेट ल्याउने गरी तय भएको जानकारी दिए । उनले बजेटको आकार घट्ने जानकारी दिँदै कृषि, पर्यटन र ग्रामीण सडकको स्तरोन्नतिलाई प्राथमिकतामा राखेर बजेट आउने बताए ।

यसैगरी भीमफेदी गाउँपालिकाको नीति तथा कार्यक्रम असार ७ गते र बजेट असार १० गते ल्याउने गरी तयारी गरिएको छ। भीमफेदी गाउँपालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठले आगामी आवको बजेटमा शिक्षा र स्वास्थ्यले प्राथमिकता पाउनुका साथै चालु आवका अधुरा योजनाले निरन्तरता पाउने बताए । बकैया गाउँपालिकाले कृषि, शिक्षा र पूर्वाधारलाई जोड दिँदै आगामी आवको नीति तथा कार्यक्रम र बजेट ल्याउने जनाएको छ । गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले १० गतेभित्र आगामी आवको नीति तथा कार्यक्रम र बजेट ल्याउने गरी तयारी भइरहेको भन्दै आन्तरिक राजस्व परिचालन वृद्धि गर्ने गरी आगामी आवको नीति तथा कार्यक्रम आउने जानकारी दिए ।

मकवानपुर जिल्लाका अन्य स्थानीय तहको जस्तै आन्तरिक स्रोत परिचालन कमजोर र प्रदेश र संघीय अनुदान घटेर आएकाले थाहा नगरपालिकाको आगामी आवको बजेटको आकार पनि घट्ने भएको छ । थाहानगर उपप्रमुख भरत गोपालीले असार १० मा बजेट ल्याउने गरी तयारी भइरहेको भन्दै टोल र वडास्तरमा योजनाबारे छलफल भइरहेकाले अहिले कुन क्षेत्रले प्राथमिकता पाउने भन्ने निर्क्योल नभएको बताए ।

बागमती गाउँपालिकाका उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिनाले कृषि, पशुपालन र पूर्वाधारलाई प्राथमिकतामा राखेर यही असार १० गते गाउँपालिकाको बजेट आउने बताए । मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानले यही असार १० देखि १२ भित्र नीति तथा कार्यक्रम र बजेट कृषि, पशुपालन र पर्यटनलाई प्राथमिकतामा राख्दै ल्याइने जानकारी दिए । त्यस्तै मनहरी गाउँपालिकाले पनि आगामी असार १० गतेभित्र बजेट ल्याउने तयारी गरिरहेको गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले जानकारी दिइन् ।

यसैगरी इन्द्रसरोवर गाउँपालिकाको आगामी आवको नीति तथा कार्यक्रम र बजेट असार १० गते गाउँसभामा पेस गर्ने कार्यतालिका बनेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रह्लाद कार्कीले चालु आवको अनुपातमा आगामी आवको बजेट पाँचदेखि १० प्रतिशतसम्म घट्ने बताउँदै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर आगामी आवको नीति तथा कार्यक्रम र बजेट आउने बताए ।

### कार्यसम्पादन परीक्षणमा

# सिदार्थ मावि जिल्ला प्रथम, देशभरमा ३७ औं स्थान प्राप्त

साझाकुरा संवाददाता




हेटौंडा, ७ असार/ बागमती प्रदेश सरकारको 'बिग स्कुल' परियोजना सञ्चालित हेटौंडा-२ स्थित सिद्धार्थ मावि विद्यालय कार्यसम्पादन परीक्षणमा जिल्लाकै उत्कृष्ट घोषित भएको छ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शैक्षिक गुणस्तर परीक्षण केन्द्र सानोठिमी भक्तपुरद्वारा विद्यालय कार्यसम्पादन परीक्षण प्रतिवेदनहरु कार्यान्वयन अभियान प्रतिवेदन संलेषण, २०७९ मा उल्लेख भए अनुसार विद्यालय कार्यसम्पादन परीक्षणमा सिद्धार्थ मावि जिल्ला प्रथम हुन सफल भएको हो । देश ६४ जिल्लाका ४ हजार ८ सय ६७ सामुदायिक विद्यालयमध्ये यस सिद्धार्थ माध्यमिक विद्यालय मकवानपुर ८४ दशमलव ४२ प्राप्त गरी जिल्लामा पहिलो हुन सफल भएको हो । देश भरमा भने सिद्धार्थ मावि ३७ औं स्थानमा परेको छ ।

मकवानपुर जिल्लाबाट दोस्रो स्थानमा भानु मावि भएको छ । मकवानपुरगढी गाउँपालिका-३, स्थित भानु माविले ८३ दशमलब २७ प्रतिशत अंक ल्याएको छ । भानु कुल नतिजामा भने ४९ औं स्थानमा छ । सिद्धार्थ माविलाई यो उचाईमा पुऱ्याउन प्रत्यक्ष र परोक्ष रुपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समिति, कार्यरत शिक्षक, विद्यार्थी, अभिभावकको देन रहेको प्रधानाध्यापक मोहन शर्माले प्रतिक्रिया दिए । विद्यालयको समग्र स्तर निर्धारण गर्न भार अंक १०० तोकिएकोमा ८४ दशमलब ४२ प्राप्त गरी मध्यमस्तर हासिल गरेको हो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले ४० प्रतिशत अंक ल्याउनेलाई कमजोर, ४० देखि ७० ल्याउनेलाई सामान्य, ७० देखि ९० ल्याउनेलाई मध्यम र ९० भन्दा माथि ल्याउनेलाई उत्कृष्ट विद्यालयको रुपमा सूचक निर्धारण गरेको छ ।

आर्थिक वर्ष २०७३/७४ बाट देशभर विद्यालयको कार्यसम्पादन परीक्षण कार्यक्रम पूर्णरुपमा कार्यान्वयन गर्न थालिएपश्चात् हालसम्म ६४ जिल्लाको परीक्षण सम्पन्न भएको र परीक्षण भएका विद्यालयमध्ये ६० जिल्लाका ४ हजार ८ सय ६७ विद्यालयको नतिजा विश्लेषण सार्वजनिक गरिएको केन्द्रले जानकारी दिएको छ । हालको ६४ जिल्लाको नतिजामा कास्कीको विन्दवासीनी मावि ९४ दशमलब ९५ प्रतिशत अंकका साथ प्रथम भएको छ । यसैगरी, एभरेष्ट इङ्लीस स्कुल भक्तपुर ९१ दशमलब १६ तथा भानु मावि कन्चनपुर ९० दशमलब ७४ प्रतिशत ल्याएर क्रमश दोस्रो र तेस्रो भएका छन् ।

# हेटौंडाबाट दुई बालक पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, ७ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका वडा नम्वर १५, स्थित रातोमाटेबाट दुई जनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध खैरो हेरोइनसहित भारत मोतिहारी-४ बस्ने १७ वर्षीय र बाराका १४ वर्षीय बालकलाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रहरीका अनुसार, पथलैयाबाट हेटौंडा आउँदै गरेको ना १ ज ८६८८ नम्बरको माईक्रोलाई जाँच गर्दा माईक्रोमा सवार बालकको साथबाट अन्दाजी ६ ग्राम खैरो हिरोइन फेला परेपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको जनाइएको छ ।

# अस्पतालको सेवा प्रभावित नगर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/हेटौंडा अस्पतालको सेवा प्रभावित नपार्न बागमती प्रदेश सरकारको ध्यानाकर्षण गराउने सर्वपक्षीय बैठकले निर्णय गरेको छ ।



अस्पताल सञ्चालन गरिरहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको बजेट कटौती गरेर अस्पतालको सेवा प्रभावित पार्न खोजिएको आरोप प्रदेश सरकारमाथि थियो । प्रतिष्ठान मातहत ल्याएपछि अस्पतालको सेवामा सुधार आएसँगै उपचारमा पनि प्रगति भइरहेको सन्दर्भमा प्रदेश सरकारले बजेट कटौती गरेर राम्रो नगरेको भन्दै व्यापक विरोध भइरहेको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले आर्थिक संकटको कारण देखाउँदै कर्मचारी हटाउने तयारी गरेपछि बिहीवार हेटौंडा उपमहानगर पालिकामा सर्वपक्षीय बैठक बसेको थियो । बैठकले अस्पतालको सेवा प्रभावित हुन नदिनका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय भएको हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिए ।

प्रदेश सांसद तथा पूर्वमन्त्री एकालाल श्रेष्ठको संयोजन तथा उपमहानगरकी प्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकमा जिल्लास्थित नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायतका राजनीतिक दलका प्रतिनिधि र सरोकारवालाको उपस्थिति रहेको थियो ।

बैठकले हेटौंडा अस्पतालमा उत्पन्न समस्याप्रति ध्यानाकर्षण भएको र अस्पतालको सेवालाई प्रभावित नहुने गरी बजेट व्यवस्थापन गर्न बागमती सरकार समक्ष अनुरोध गर्ने निर्णय गरेको वडाध्यक्ष सिग्देलले जानकारी दिए । सुधारोन्मुख अस्पताललाई पुरानै अवस्थामा फर्काउने प्रदेश सरकारको योजनाविरुद्ध नेकपा एमाले मकवानपुरले यसअघि विज्ञप्ति नै जारी गरी विरोध जनाएको थियो ।

हाल, प्रदेश सरकारले प्रतिष्ठानलाई बजेट घटाएर पठाएपछि कर्मचारी हटाउने योजना बनाइएको छ । बजेट अभावका कारण आगामी आर्थिक वर्षमा तलबभत्ता वितरणमा समस्या हुने भएपछि प्रतिष्ठानले ठूलो संख्यामा कर्मचारी हटाउन खोजेको हो । प्रतिष्ठानका उपकूलपति विश्वराज जोशीको अध्यक्षतामा गत आइतबार बसेको कार्यकारी परिषद्को बैठकले बजेट अभावका कारण चालु आर्थिक वर्षमा नियुक्त गरिएको कर्मचारी हटाउने निर्णय गरेको थियो । संघीय सरकार र प्रदेश सरकारबाट चालुखर्च तर्फ प्रतिष्ठान वा अस्पतालमा कुनैपनि शीर्षकमा बजेट प्राप्त नभएकाले कर्मचारी हटाउनु पर्ने बाध्यता आएको प्रतिष्ठानका रजिष्ट्रार एवम् हेटौंडा अस्पताल विकास समितिका अध्यक्ष राजेश प्रसाईंले बताएका छन् ।

संघीय सरकारबाट प्रतिष्ठानको शैक्षिक भवन र अस्पतालको भवनका लागि चालु आर्थिक वर्षमा प्राप्त अनुदान बाहेक अन्य बजेट प्राप्त नभएको उनले बताए । प्रदेश सरकारले चालु आर्थिक वर्षमा प्रतिष्ठानको लागि १९ करोड ५१ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो भने हेटौंडा अस्पतालको सेवा विस्तार तथा उपकरण खरिदका लागि थप ५ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । संघीय सरकारबाट यसवर्षका लागि प्रतिष्ठानको शैक्षिक भवन निर्माणका लागि ९७ करोड रुपैयाँ विशेष अनुदान प्राप्त गरेको थियो । प्रदेश सरकाले आगामी आव ०८०/८१ का लागि प्रतिष्ठानको ७ करोड १९ लाख रुपैयाँ बजेट कटौती गरेको छ ।

प्रदेश सरकारले बजेट भाषणमार्फत् आगामी आर्थिक वर्षमा प्रतिष्ठानका लागि १२ करोड ३२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । उक्त ७ करोड १९ लाख रुपैयाँ कटौती हुँदा अस्पतालमा विस्तारित सेवा र गुणस्तर लागि खटाइएका कर्मचारी कटौती गर्नुपरेको रजिष्ट्रार प्रसाईंले बताए । रजिष्ट्रार प्रसाईका अनुसार कटौती हुने कर्मचारीमा एमबिबिएस डाक्टर १५ जना, आयुर्वेदिक चिकित्सक एक, नर्स, फार्मेसिष्ट, रेडियोलोजिष्ट, ल्याब टेक्निसियनलगायत प्राविधिक कर्मचारी १ सय ३ जना र प्रशासनतर्फ कार्यरत् २५ जना रहेका छन् ।

# भीमफेदीमा शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ जिल्लाको भीमफेदी गाउँपालिका वडा नम्बर ८, स्थित रिठ्ठेदमारमा सडेगलेको अवस्थामा एउटा शव फेला परेको छ ।

मकवानपुर र ललितपुरको सीमानामा रहेको बागमती खोला किनारमा सडेगलेको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिए ।

शवको सनाखत नभएको र शव पोष्टमार्टमको लागि हेटौंडा अस्पताल ल्याइएको घिमिरेले बताए । पहिचान हुन नसक्ने अवस्थामा रहेको शव पुरुषको रहेको प्रहरीले जनाएको छ ।

**कर्मचारी आवश्यकता**

यस समग्र किचेन ग्यास सेन्टर प्रा.लि.को लागि निम्न किसिमको कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले सम्पर्क राख्नुहोला ।

| पद | संख्या | महिला | पुरुष | योग्यता | तलब |
|---|---|---|---|---|---|
| सुपरभाइजर | १० | ७ जना | ३ जना | SLC पास | १५०००।- |

*नोट : खाना तथा बस्नको व्यवस्था अफिसको नियम अनुसार हुनुपर्नेछ ।*

फारम भर्ने मिति : २०८०।०३।०८ देखि ११ गते सम्म

**समग्र किचेन ग्यास सेन्टर प्रा.लि.**

प्रधान कार्यालय धरान-६ पानधारा

सम्पर्क नं. (हेटौंडा) :

९८४४६००७८, ९८१५९१२७७७, ९७४४३३४४५१

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सरकारी उद्योग सँधैको घाटामा

उत्पादनमूलक उद्योगबिना दिगो आर्थिक विकास सम्भव छैन । नेपालमा संचालनमा रहेका उद्योगको समस्या सुल्झाएर अघि बढ्ने प्रयास राज्यपक्षबाट भएको पाइँदैन । त्यसको फलस्वरुप व्यवसायी आफैँले अवरोधहरु पन्छाउँदै औद्योगिक विकासको यात्रामा अघि बढ्न खोज्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । औद्योगिक विकासका लागि विगतमा सञ्चालन गरिएका विभिन्न प्रयासको बाबजुद देशमा औद्योगीकरणले आशा गरिए बमोजिमको गति लिन सकेको छैन । कुलगार्हस्थ्य उत्पादन (जीडीपी) मा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान पाँच प्रतिशतको हाराहारीमा छ । देशको अर्थतन्त्र परम्परागत कृषि प्रणाली र विप्रेषण (रेमिट्यान्स) मा अत्यधिक निर्भर रहेको छ । देशमा औद्योगिक विकासको पर्याप्त सम्भावना हुँदाहुँदै पनि उपयुक्त व्यवस्थापन क्षमताको अभावमा विद्यमान स्रोत, साधन र सम्भावनाको उचित प्रयोग गर्न सकिएको छैन ।

स्वदेशी कच्चापदार्थको प्रयोग गर्ने उद्योगलाई राज्यले चिनन सकेौ छैन । हाम्रो समाजमा बढ्दो बेरोजगारी र अर्ध-बेरोजगारीको समस्या छ । देशमा विद्यमान श्रमशक्ति न्यून पारिश्रमिकमा वैदेशिक रोजगारीतर्फ लाग्न बाध्य हुनुजस्ता विविध प्रकारका समस्या राष्ट्रले भोग्नुपरिरहेको छ । आर्थिक अभाव झेल्दै आएको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लिमिटेडले चालु आर्थिक वर्ष २०७९/८० मा पनि रु ११ करोड १५ लाख घाटा व्यहोरेको छ । आव २०७४/७५ पछि उद्योगले निरन्तर घाटा व्यहोर्दै आएको हो । उद्योगका अनुसार उद्योग हालसम्म रु ९० करोडको घाटामा चलिरहेको छ । सरकारी स्वामित्वको सिमेन्ट उद्योग बजार अभाव वा कच्चापदार्थको अभावमा घाटामा चेलको होइन । खानी क्षेत्रमा जति भनेपनि कच्चापदार्थ मौजुदा छ । तर, त्यसलाई ब्यवस्थापन गर्ने क्षमता हामीसँग छैन । हामी रेमिट्यान्समै मख्ख बन्दै गएका छौं । आव २०७४/७५ मा हेटौंडा सिमेन्ट उद्योगले एक लाख नौ हजार सात सय ९६ मेट्रिक टन सिमेन्ट उत्पादन गरेको थियो । यसमा एक लाख छ हजार तीन सय ३२ मेट्रिक टन सिमेन्ट बिक्री गर्न सफल भएको थियो । साथै रु एक अर्ब ६८ करोड ३८ लाख ६४ हजार नौ सय १७ आम्दानी गरेको र रु एक अर्ब ५२ करोड २६ लाख एक हजार चार सय १८ खर्च भएको थियो । रु १६ करोड ३६ लाख तीन हजार चार सय ९९ नाफा कमाएको थियो । यसपछि उद्योग निरन्तर घाटामा गएको तथ्याङ्क छ । नाफामा चलेका उद्योग एकाएक घाटामा जानु भनेको उद्योग ब्यवस्थापकीय समस्या पनि हो । अर्को तर्फ सरकारी उद्योगमा कमिशनतन्त्र हाबी भएको छ । कोइला, जिप्सम खरिदमा मोटो रकम कमिशनको खेल हुने गरेको छ । अर्को पक्ष भनेको सामान्य निर्णय लिन पनि उद्योग मन्त्रालय गुहार्नुपर्ने अवस्था छ । समयमा निर्णय हुन नसकेकै कारण उद्योगले चरम घाटा सहनु परेको छ । निजी क्षेत्रका सिमेन्ट उद्योगले राज्यलाई कर तिरेर पनि नाफामै चलिरहेको छ तर, सरकारी स्वामित्वको उद्योग राज्यबाट संरक्षित भएर पनि घाटामा चल्नु बिडम्बना नै हो ।

हेटौंडा सिमेन्ट उद्योगको उत्पादनले बजार नपाएको होइन । उपभोक्ता हेटौंडा सिमेन्ट किन्नका लागि अग्रिम पैसा जम्मा गरेर महिनौं पालो पर्खन बाध्य छन् । तर, उद्योग जहिले पनि घाटामा चल्नु परिरहेको छ । यसको मतलब उद्योगमा ब्यवस्थापकीय कमजोरी छ भन्ने बुझिन्छ । उद्योगमा कच्चापदार्थको अभाव र पुरानो ऋण तिर्न नसक्दा बारम्बार बन्द हुँदै आएको छ । लामो समयदेखि निरन्तर घाटामा रहेको उद्योगको सिमेन्ट उत्पादनका लागि चाहिने कोइलाको अभावले उत्पादन कार्यमा समस्या आइरहेको बताइएको छ । हेसिउलिमा अहिले दुई सयजना कर्मचारी कार्यरत छन् भने दैनिक ज्यालादारीमा सय कामदार रहेका छन् । उद्योगका भैँसे, ओखरे, मजुवा र जोगिमारामा खानी रहेका छन् । कुनै समय यही उद्योगमा ६ सय कामदार कर्मचारी कार्यरत थिए तै पनि उद्योग नाफामा चलेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार ९ गते शनिबार २४ जुन २०२३ । षष्ठी, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिनेछ |

# रास्वपाको उदयले नेपाली राजनीति बदलिन्छ



✍ई. श्रीराम न्यौपाने

विगत ३०० वर्षको नेपाली इतिहासमा कहिले राजा-महाराजाले शासन गरे त कहिले राणाले । २००७ सालको अपवाद बाहेक २०४८ सालपछि ३२ वर्षसम्म लगातार जनताको नाममा दलका नेता-कार्यकर्ताले शासन गरे । यसक्रममा जनताले धेरै पटक फरक-फरक समीकरण भएका सरकारको परीक्षा लिने मौका पाए ।

कहिले बहुमतको सरकार, कहिले मिलीजुली सरकार त कहिले कांग्रेस, कम्युनिस्ट र राजावादी सहितको गठबन्धनका थुप्रै सरकारको परीक्षण भयो । यही अवधिमा धेरै मुलुकले विकास र समृद्धिका क्षेत्रमा आश्चर्यजनक ढंगले फड्को मारे तर हामीले समयको सदुपयोग गर्न जानेनौं या सकेनौं । हामी नराम्रोसँग चुक्यौं, कहिले माओवादी द्वन्द्वका नाममा त कहिले संविधान निर्माणको समय भनेर अल्मलियौं, डेढ दशक त खेरै गयो । जनताको हरेक परीक्षामा सरकार र दलहरू पास हुन सकेनन् । परिणामस्वरूप अफगानिस्तानको अपवादलाई छाडेर नेपाल एशिया प्रशान्त क्षेत्रको सबैभन्दा गरीब मुलुक रहिरह्यो ।

यस्तो गरिबी र पछौटेपनको कारण व्यवस्था नभएर राजनीतिक संस्कार र पद्धति देखियो । सरकार र दलहरूबाट यस्तो लोकतन्त्रको अभ्यास भइदियो जहाँ जनताको नाममा दलका नेता-कार्यकर्ताले शासन गरिरहे । नेता-कार्यकर्ताको डर र त्रासका कारण कर्मचारी, शिक्षक, प्रहरी, सेना, डाक्टर, इन्जिनियर, वकिल लगायत समाजका हरेक तह र तप्काका जनसेवक कर्मचारीले चुस्त, दुरुस्त र इमानदारी साथ जनसेवा प्रवाह गर्न सकेनन् ।

देशमा केही गर्छु भन्ने बलिया हात-पाखुरा भएका र पढे-लेखेका लाखौं युवा नेता कार्यकर्ताबाट आजित भएर, चरम विकृति, विसंगति र बेथितिबाट थाकेर आफ्नो घर-गुजारका लागि विदेशिन बाध्य भए । यसबाट हामीले कस्तो लोकतन्त्रको अभ्यास गरिरहेका छौं भन्ने गम्भीर प्रश्न उब्जिएको छ । राजनीतिक भाष्यमा झुटोलाई साँचो सावित गरिदिने या साँचोलाई बडो सम्मानपूर्वक हत्या गरिदिने अनौठो ताकत हुँदो रहेछ । नेपालमा धेरै झुट बोलेर सबैभन्दा बढी नाफा कमाउने पेशा आज राजनीति भएको छ । झुटको बोली चुहिन नपाउँदै ताली ठोक्ने जमात तयारी अवस्थामा राखिएको छ ।

ती ताली पिट्नेहरू प्राय: बिचौलिया बनेर आफ्नो र आफ्नो परिवारको जीविकोपार्जन गर्न थाले । स्मरण रहोस्, राजनीति गरेर र बिचौलिया बनेर कमाएको पैसामा राज्यले कुनै कर लगाउँदैन । यो नै नेपालको एक मात्र ट्याक्स फ्री इन्कम हो । त्यसैले यस्ता पेशामा एकपटक छिरेको नेता वा बिचौलिया जीवनभर अरु पेशामा लाग्नै चाहँदैनन् । राष्ट्रियदेखि स्थानीय तहसम्म यो एक प्रकारको धुम्रपानको लत जस्तै भएको छ । यही लतले आज हाम्रो देशमा अथाह प्राकृतिक स्रोत हुँदाहुँदै पनि दिन-प्रतिदिन अर्थतन्त्र खोक्रो हुँदै गइरहेको छ ।

विगत ३२ वर्ष अवधिका हरेक निर्वाचनहरूमा चुनाव अघि नेता र दलहरूले गरेका वाचाहरू कार्यान्वयन गरेको भए नेपालमा आजसम्म २० हजार मेगावाट भन्दा धेरै बढी बिजुली उत्पादन भइसक्थ्यो, नेताले भने जस्तै नेपाल सिंगापुर या स्विट्जरल्याण्ड बनिसक्थ्यो । विश्वकै धनी मुलुकको सूचीमा दर्जा भइसकेको हुन्थ्यो । तर विडम्बना आफैंले जनतासामु गरेका वाचाहरू चुनाव पछि कार्यान्वयन गर्न नसकेको कारण आज नेपाल अफगानिस्तानको अपवादलाई छाडेर एसिया प्रशान्त क्षेत्रकै सबैभन्दा गरीब मुलुकमा दर्ज भएको छ ।

बीपी र पुष्पलालका पालाको राजनीति देश, समाज र विकासमा समर्पित थियो भने आज तिनै नेताको नाम भजाएर सत्ता र पदमा पुग्ने भऱ्याङ बनेको छ- राजनीति । २०४६ सालमा गणेशमान सिंहको नेतृत्वको आन्दोलनबाट प्रजातन्त्र आयो, २०६२/६३ मा कृष्णप्रसाद भट्टराई जस्ता नेताका कारण लोकतन्त्र आयो । विगत ३२ वर्षको लामो इतिहासमा न त लोकतन्त्रलाई परिपक्व हुन दिइयो, न त नेताहरू अनुशासित भए, न त देश विकसित भयो ।

अन्य देशहरूको तुलनामा झन्-झन् गरीब हुँदै गयो, अति कम विकसित मुलुकको दर्जामा रहिनै रह्यो । यसको प्रमुख कारण हो प्रजातन्त्र र संविधानमा भएका छिद्र (लुपहोल) को अधिकतम उपयोग । प्रजातन्त्र संसारको उत्कृष्ट व्यवस्था हो, तर पनि यसको एउटै कमजोरी हो- जसको बहुमत उसैको नेतृत्व । तपाईंको वडामा जाली र फटाहाहरूको बाहुल्य छ भने तपाईंको वडा अध्यक्ष कस्तो छानिन्छ ? स्वाभाविक रूपमा सबैभन्दा चतुर, मीठो भाषण गरेर प्रभावित पार्न सक्ने सबभन्दा उत्कृष्ट फटाहा छानिन्छ । भ्रष्टै भ्रष्टहरूको बाहुल्य छ भने सबभन्दा भ्रष्ट नेतृत्व छानिन्छ ।

विगत ३२ वर्षका नेतृत्वहरूले प्रजातन्त्र र संविधानमा भएका यस्ता छिद्रहरूको प्रयोग, उपयोग निरन्तर गरिरहे । आवश्यक परेको बेला नियम-कानुन परिवर्तन गरेरै भए पनि छिद्रहरूको प्रयोग गरिरहे । ठूला दलका नेताहरू जसले प्रजातन्त्र ल्याए, जसले संविधान बनाए उनीहरूले नै प्रजातन्त्र र संविधानमा भएका छिद्रहरू खोजे, देखे र तिनै छिद्रहरूलाई माध्यम बनाएर नेता कार्यकर्तामा बिचौलिया प्रवृत्तिको बीजारोपण गरिदिए ।

सत्ता र शक्तिको आडमा आफू आजीवन नेतृत्वमा रहिरहन खोज्दा भ्रष्टाचारको दलदलमा आफू पनि फसे अरुलाई पनि फसाए । विगत ३० वर्षसम्म हरेक निर्वाचनहरूमा नेता र जनता बीच रक्सी, मासुभात, पद, पैसा र शक्तिको चलखेल हुनथाल्यो, प्रजातन्त्रको नाममा जसरी भए पनि सत्ता र पदमा पुगेर लुट्ने परिपाटीले प्रश्रय पायो । जनतालाई गुमराहमा राखेर, भ्रम छरेर जनताको नाममा नेता-कार्यकर्ताले निरन्तर शासन गरिरहे । यति विघ्न विकृति, विसंगति र निराशा छायो कि प्रजातन्त्र नै खतरामा पर्दैछ भन्ने बुझेर प्रजातन्त्रवादी नेताहरू गणेशमान र किसुनजी दुवै जना झस्किए र पार्टीभित्र शुद्धीकरण गर्ने प्रयत्न गरे । पार्टीलाई सुधार्न गणेशमानले सक्नुभएन, किसुनजीले पनि सक्नुभएन । हार खाएर नेपाली कांग्रेसबाट अलग भएको घोषणा गर्नु पऱ्यो ।

पार्टीबाट अलग भएपछि गणेशमान र किसुनजीसँग तीन विकल्प थिए । पहिलो, अन्य पार्टीमा जाने, दोस्रो नयाँ पार्टी खोल्ने र तेस्रो चुप लागेर तटस्थ भूमिकामा रहने । पहिलो विकल्प रोज्दा उहाँहरू कि कम्युनिस्ट कि राजावादी बन्नुपर्थ्यो किनभने त्यतिबेला कांग्रेस, कम्युनिस्ट र राजावादी तीन मात्र विकल्प थिए । दोस्रो विकल्प रोज्दा अहिले जस्तो युवा वर्ग सचेत थिएनन् र उहाँहरूमा त्यो जोस र जाँगर पनि थिएन । धेरै उमेर बाँकी पनि थिएन, बुढेसकालले छोएको थियो । आफैंले जन्माएको, हुर्काएको र बढाएको पार्टी विरुद्ध लाग्ने नैतिक बल पनि थिएन । त्यसैले बाँचुन्जेल उहाँहरू बाध्य भएर तेस्रो विकल्पमा रहनुभयो ।

शायद त्यतिबेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) या अन्य वैकल्पिक लोकतान्त्रिक शक्ति भएको भए गणेशमान र किसुनजीले पहिलो विकल्प रोजेर सक्रिय अभिभावकत्वको भूमिका निर्वाह गर्नुहुन्थ्यो होला । शायद देशले धेरै पहिल्यै फड्को मार्न सक्थ्यो होला, विकसित बन्न अहिलेसम्म कुर्नुपर्दैनथ्यो होला । फलस्वरूप गणेशमान र किसुनजीले सुधार्न नसकेको कांग्रेस सुधार्न न त डा. स्वर्णिम वाग्लेले सक्नुहुन्थ्यो, न त गगनजीले नै सक्नुहुन्छ, यो मेरो ठम्याइ हो । यही प्रसंगबाट प्रभावित भएर युवा पुस्ताको पहिलो रोजाइमा रहेको रास्वपालाई थप भरपर्दो र विश्वासिलो वैकल्पिक लोकतान्त्रिक शक्ति बनाउन सकिन्छ भन्ने विश्वास र अठोटका साथ डा. वाग्ले र म कांग्रेस त्यागेर रास्वपा प्रवेश गरेका हौं ।

विकृति, विसंगति र निराशाका बावजुद कतै व्यवस्था नै परिवर्तन हुने हो कि भन्ने डर र आशंका बीच रास्वपामा डा. वाग्लेको इन्ट्री भयो । अहिले साँच्चिकै सोचे जस्तै रास्वपाप्रति जनविश्वास बढेर गएको छ । यही व्यवस्थाभित्र अवस्था परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास रास्वपाका कारण सृजना भएको छ । वैकल्पिक लोकतान्त्रिक पार्टीको स्वरूपमा रास्वपालाई बुझ्न थालिएको छ । ७ असार २०७९ मा घन्टी चुनाव चिह्न लिएर रवि लामिछानेको नेतृत्वमा स्थापित रास्वपामा एक वर्षको अवधिमा नेपाली राजनीतिलाई तरंगित पार्ने थुप्रै घटनाक्रम भए । स्थापनाकालको ५ महिनाभित्र मंसिर ४ गते सम्पन्न आम निर्वाचनबाट राष्ट्रिय दल बन्दै २१ सिट जित्न सफल भयो र देशको चौथो दल बन्यो ।

एकवर्षे छोटो अवधिमा चितवन-२, तनहुँ-१ र बारा-२ का तीन निर्वाचन क्षेत्रमा भएको उपनिर्वाचनबाट चितवन-२, तनहुँ-१ मा ५० प्रतिशतभन्दा धेरै मतसहित भारी मतान्तरले विजयी हुन सक्यो । २१ जना सांसदहरूको संसदभित्रको उपस्थिति र जनसरोकारका सवालमा उनीहरूको प्रस्तुतिले आम जनताको ध्यान आकृष्ट गरेको छ । उपनिर्वाचन पछिको छोटो समयमै पार्टीको सदस्यता संख्यामा व्यापक वृद्धि भइरहेको छ, जुन अहिलेसम्म दुई लाख नाघेको छ । स्थानीय निर्वाचनसम्म सबैभन्दा बढी सदस्य भएको पार्टी बन्ने सम्भावना देखिँदैछ ।

नेपाली राजनीतिका सुपरस्टार अर्थात् जन-जनको मनमा स्थापित रवि लामिछानेले नेपाली राजनीतिमा मौलिक विशेषता सहितको 'नयाँ राजनीतिक मोडेल' स्थापित गराउँदै ५ महिनाको छोटो अवधिमा रास्वपालाई राष्ट्रिय दलको रूपमा स्थापित गराउन सफल भएका छन् । देशको अर्थतन्त्रलाई गतिशील बनाउँदै उकास्ने खालको 'नयाँ आर्थिक मोडल' स्थापित गराई देशले गर्व गर्न लायक अर्थविद् बन्ने उद्देश्य डा. वाग्लेको रहेको छ । विकासकर्मी भएकोले शताब्दी सुहाउँदो, अन्तर्राष्ट्रियस्तरको, भावी पुस्ताको आकांक्षा अनुरूपको 'नयाँ विकास मोडल' स्थापित गराउने मेरो कोशिश रहनेछ । देश समृद्ध र विकसित बन्न पहिला राजनीति सङ्लिनुपर्छ । दोस्रो अर्थतन्त्र बलियो हुनुपर्छ र तेस्रो विकासले गति समाउनै पर्छ । असल नियतका साथ इमानदार भएर निरन्तर खट्न सक्ने सक्षम राजनीतिज्ञ, अर्थविद् र विकासविद् भए भने देश विकसित मुलुकको सूचीमा उक्लन धेरै समय लाग्दैन ।

राजनीतिक वृत्तमा हिजोको मित्र आजको शत्रु र आजको शत्रु भोलिको मित्र बन्नु पछाडिको रहस्य पद र कुर्सी मोह नै हो भन्ने प्रमाणित नेपालका ठूला राजनीतिक दलका नेताहरूको विगतको व्यवहारले देखाएको छ । पार्टी-फुट, गुट-उपगुट, दल-बदल, तालमेल, भागबण्डा, गठबन्धन र अहिले पछिल्लो पटक मोर्चा नेपाली राजनीतिमा उदाएका यस्ता शब्द भएका छन् जसको प्रयोग, उपयोग र दुरूपयोग केवल सत्तामा पुग्न, टिक्न अनि टिकेर पद, पैसा, कुर्सी र शक्ति हत्याउन गरिएको पाइन्छ न कि समाज कल्याण र इमानदार राष्ट्रिय सहमतिका लागि । फोहोरी एवं खराब आचरण अनि सानो चित्त भएका व्यक्तिहरू छिटो-छिटो फड्को मारेर दलको माथिल्लो तहको राजनीतिमा हावी भए । तल्लो तहमा गाउँस्तरमै समाज कल्याणको काममा पूर्णकालीन रूपमा निस्वार्थ खट्ने नेताहरू समाजमा थुप्रै छन् । रास्वपालाई अब गाउँस्तरका त्यस्ता नेताहरूको पहिचान गरेर पार्टीभित्र स्थापित गराउनु प्रमुख अवसर र चुनौती बनेको छ । लोकतन्त्रमा खराबी राजनीतिमा होइन, राजनीति गर्ने व्यक्तिको सोच, नियत र क्षमतामा भएको पाइन्छ ।

अधिकांश राजनीति गर्ने नेता-कार्यकर्ता समाज हितको ट्र्याकबाट उछिट्टिएर व्यक्तिगत स्वार्थ पूरा गर्नतिर लागेकै कारण नेपालको राजनीति खतरनाक मोडमा पुगेको बेला रास्वपाको उदय भयो । उदयको वर्ष दिनभित्र पार्टीमा डा. स्वर्णिमको इन्ट्री भयो । राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त अर्थविद् एवं पर राष्ट्रविद् डा. वाग्लेको आगमनले रास्वपा प्रति बौद्धिक जमातमा हलचल ल्याएको छ, नयाँ आशा, भरोसा र विश्वास पलाएको छ र पार्टीमा नयाँ रक्तसञ्चार गराइदिएको छ । सभापति रवि लामिछानेप्रतिको जनसमर्थन र डा. वाग्लेको बौद्धिक क्षमताको समायोजनको जगमा रास्वपा आगामी दिनमा नेपालको एक नम्बर पार्टी बन्ने स्पष्ट आधार तयार भएको छ । बुढा पुस्ताले हाँकेको राजनीति र युवा पुस्ताले हाँक्ने राजनीति बीचको अन्तर कस्तो हुन्छ भनेर प्रमाणित गरि दिने राम्रो अवसर अब रास्वपाको काँधमा आएको छ । असल नेताले असल राजनीति अनि असल राजनीतिले असल समाजको सृजना गर्दछ भने खराब नेताले खराब राजनीति र खराब राजनीतिले खराब समाजको रचना गर्दछ । नेपालको हकमा रास्वपालाई मात्र एउटा त्यस्तो अवसर मिलेको छ जसले नेपालको समग्र राजनीतिमा असल समाजको रचना गर्न सक्छ ।

बुद्धिहीन, शक्तिहीन, अशक्त नेता र अन्धभक्त मतका कारण आज भ्रष्टाचार दिन दुगुना र रात चौगुनाका दरले मौलाइरहेको छ । योग्यता बढाउन प्रेरित हुनुपर्ने नेपालको राजनीतिमा परिवारवादी राजनीतिले प्रश्रय पाइर हँदा समाजमा ठूलो निराशा छाएको छ, राजनीति प्रति समाजमा घृणा जगाइदिएको छ । जनताले छानेको नेताको व्यवहारबाट नेपाली समाज कस्तो छ भनेर जान्न र बुझ्न सक्ने अवस्था सृजना भएको छ । अब रास्वपाको उदय पश्चात् कुनै नेता वा दलको पतनको मुख्य कारण भ्रष्ट राजनीति बन्नेछ । एक समय थियो जतिबेला जनताले सोच्न छाडिसकेका थिए, दलका नेता-कार्यकर्ता अन्धभक्त भएका थिए ।

त्यही मौका छोपेर नेता-कार्यकर्ताले सोच्न सुरु गरे, नेपाली राजनीतिमा हाबी भए अनि भ्रष्टाचारमा लिप्त भए, परिणामस्वरूप आज भ्रष्टाचारले राज्य संयन्त्रका हरेक तह र तप्कामा क्यान्सरको रूप धारण गरेर बसेको छ । फेरि पनि रास्वपा ती भ्रष्टाचारीहरूको लागि तगारो बन्दै गइरहेको छ । नेपालको राजनीतिबाट भ्रष्टाचार नहटेसम्म विकासले गति लिन सक्दैन । नेपाली राजनीतिमा असल मान्छेको कमी सधैंभरि भइरहेको छ किनभने असल मान्छे राजनीतिमा हत्तपत्त होमिनै चाहन्नन् । राजनीतिबाट भ्रष्ट नेतालाई हटाउन असल र राम्रा मानिस राजनीतिमा आउन जरुरी देखियो । त्यसैले रास्वपाले 'जान्नेलाई छान्ने' नीति अवलम्बन गरेको छ जुन अत्यन्तै सकारात्मक छ । 'जान्नेलाई छान्ने' नीति अन्तर्गत जो शिक्षित छ, योग्य छ, इमानदार र क्षमतावान छ र समाजमा राम्रो योगदान पुऱ्याएको इतिहास छ, उसैलाई नेता छान्ने अवसरलाई रास्वपाले गुमाउने छैन ।

भ्रष्टाचार एक प्रकारको विष हो जुन देश, सम्प्रदाय र समाजका गलत मानिसको दिमागमा फैलिएर बसेको हुन्छ । यसले सानोभन्दा सानो इच्छा र अनुचित लाभका लागि सामान्य मानिसको जीवन नै बर्बाद बनाइदिन्छ । आफ्नो ताकत र पदको गैरजिम्मेवार वा गलत उपयोग गर्नु भ्रष्टाचार नै हो । यसको प्रभाव व्यक्ति, समाज, विकास र राष्ट्रमा समेत परेको हुन्छ र यसले व्यक्ति, समाज वा समुदायको बीच असमानता बढाउँछ, धनी र गरीब बीचको खाडल बढाउँछ ।

साथै यो राजनीतिक, आर्थिक र सामाजिक रूपमा राष्ट्रको प्रगति, विकास र समृद्धिको बाधक पनि हो । जब भ्रष्टाचारीहरू सबै पद, तह र तप्कामा छ्यापछ्याप्ती हुन्छन्, तब यो राज्यको नियन्त्रण बाहिर रहन्छ किनकि सबै भ्रष्टाचारी मिलेर यसलाई संस्थागत बनाइसकेका हुन्छन् अर्थात् एकले अर्कोलाई कारबाही गर्ने हिम्मत गर्दैनन् । तसर्थ यसको सफाइ अभियानको निम्ति जनस्तरबाटै छुट्टै क्रान्तिको आवश्यकता परिसकेको छ ।

जन्मदेखि मृत्युसम्म राजनीतिको प्रभाव हुन्छ, त्यसैले हरेक नागरिकको कर्तव्य हुन आउँछ कि उसले राजनीतिमा आफ्नो योगदान देओस् । रास्वपाको उदयपश्चात् युवा वर्ग राजनीतिमा जागरुक भएका छन्, युवा जागरुक हुँदा रास्वपालाई अत्यधिक मत आउनेछ, प्रतिस्पर्धा बढ्नेछ, प्रतिस्पर्धा बढ्दा पारदर्शिता पनि बढ्नेछ ।

फलस्वरूप समाज हित र विकास कार्यले तीव्रता पाई देशको अर्थतन्त्र बलियो हुनेछ । युवा वर्गको आकर्षणको केन्द्र बनेर नयाँ सोचका साथ नेपाली राजनीतिको दिशा र दशा बदल्न रास्वपालाई अवसर आउनेछ । समाज हितको लागि गर्नुपर्ने राजनीति केवल पैसा कमाउने र सत्तामा पुग्ने गलत मनसाय राखेर गरेको पाइन्छ । आज देशमा कुर्सी र भ्रष्टाचार एकअर्काका पूरक बनेका छन् । त्यसैले नेता कुर्सीमा पुग्नासाथ भ्रष्टाचार गर्न थाल्छन् र आफूलाई पद र शक्तिको वरिपरि स्थापित गराइराख्न खोज्छन् । आफूले विगतमा गरेको भ्रष्टाचारको पोल खोलिदिन्छन् कि भन्ने डरले नयाँलाई पनि भ्रष्टाचारको सूत्र सिकाउन थाल्छन् र आफू जस्तै भ्रष्टाचारको लतमा फसाइदिन्छन् । भ्रष्टाचारको जरामा पानी हाल्ने र मलजल गर्ने काम राजनीतिले गरेको पाइन्छ ।

भ्रष्टाचारको मुद्दा लाग्ला र कानुनी कारबाही होला कि भनेर बच्न न्यायालय र अख्तियारमा समेत दलीय भागबण्डामा आफू अनुकूलका मान्छे नियुक्त गर्ने परम्परा बसाइएको छ । विकास र समुन्नतिका प्रमुख बाधक भ्रष्टाचार बनेको छ तापनि विकासका ठूला कुरा गरेर नेता कार्यकर्ताले जनतालाई झुक्याउन छाडेका छैनन् । विगत ३२ वर्षको राज्यको कुल बजेट लगभग १५० खर्बमध्ये खरबौं रकम भ्रष्टाचार भएको पुष्टि गर्न ट्रान्सपरेन्सी इन्टरनेशनलका वार्षिक प्रतिवेदनहरूलाई आधार मान्न सकिन्छ । नेपालमा भ्रष्टाचार मुक्त राजनीतिको परिकल्पना गर्न धेरै कठिन छ ।

नेपालको राजनीतिमा अपवाद बाहेक सबै तह र तप्कामा भ्रष्टाचारी छन् । तसर्थ भ्रष्टाचार मुक्त राजनीतिको कल्पना गर्नु आज दिवास्वप्न जस्तो भएको छ । विगत ३० वर्षसम्म शासन गरेका दल र तिनका नेताहरूले भ्रष्टाचारका सवालमा एकले अर्कोलाई औंला ठड्याउने र प्रश्न गर्ने नैतिक धरातल गुमाइसकेको प्रष्ट छ । विगत ३० वर्षमा भ्रष्टाचार भयो कि भएन र कति भयो भनेर स्पष्ट थाहा पाउन नेपालका अधिकांश नेता, कार्यकर्ता र कर्मचारीको जीवनी पढे र बुझे पुग्छ । उनीहरूको जीवनशैलीमा आएको परिवर्तनलाई पढे पुग्छ ।

राजनीतिको खेलमा चतुर खेलाडी हुन्छन् भनेर बुझ्न नेपालको विगत ३० वर्षको राजनीतिले पाठ सिकाएको छ । यस मामलामा रास्वपा आगामी दिनहरूमा सचेत हुन जरुरी छ । राजनीति आफैंमा फोहोरी खेल होइन । नेता असल भए राजनीति असल पनि हुन्छ भन्ने मान्यता स्थापित गराई घृणाको राजनीतिबाट देशलाई बचाउने चुनौती अब रास्वपालाई छ ।

सिंहले कहिल्यै हिंसा छाड्दैन भने झैं भ्रष्ट नेताले आफ्नो स्वभाव कहिल्यै छाडेनन् अनि जनता भुलाउने मिठा र चिप्ला भाषण गर्न र ताली बजाउने भीड जम्मा गर्न कहिल्यै छाड्दैनन् । सुशासन दिन, सेवा प्रवाह गर्न र द्रुतगतिको विकास गर्न लगाउनुपर्ने ऊर्जा र दिमाग आज भ्रष्टाचारको सूत्र पत्ता लगाउन र आफूलाई भ्रष्टाचारी प्रमाणित हुनबाट जोगाउनतिर केन्द्रित छ ।

भ्रष्टाचारीलाई जेल हाल्ने होइन भ्रष्टाचारबाट कमाएको खरबौं अकुत सम्पत्तिलाई बिगो सहित राष्ट्रियकरण गरी शतप्रतिशत युवालाई देशभित्रै रोजगारी दिएर देशको मुहार फेर्न रास्वपाका लागि सबभन्दा ठूलो चुनौती छ । यस अभियानलाई सफल तुल्याउन रास्वपालाई दुई तिहाइ बहुमत चाहिन्छ । यति गर्न सके नेपालको इतिहासमा रक्तपातविहीन, शान्तिपूर्ण र सबैभन्दा ठूलो आन्दोलनले सफलता पाउनेछ ।

आजको जमानामा संसारको कुनै पनि देशमा त्यो राजनीतिक दल मात्र सफल हुन्छ जुन दलको नेतृत्व युवा पुस्ताको हातमा छ र सोसियल इन्जिनियरिङ मूभमेन्ट पोख्त छ । देश विदेशका कुनाकाप्चामा रहेका लगभग ९० प्रतिशत युवाहरू बीच लोकप्रिय सामाजिक सञ्जालका माध्यमबाट नेपाली राजनीतिमा सोसियल इन्जिनियरिङ मूभमेन्टरूपी आन्दोलन छेड्न रास्वपालाई ठूलो सफलता मिलेको देखिन्छ ।

यो भनेको नेपाली समाजको राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक संरचनाभित्र व्याप्त विकृति, विसंगति, निराशा र भ्रष्टाचारलाई वैज्ञानिक सोचका साथ सामाजिक सञ्जालहरूका माध्यमबाट सामाजिक संरचनामा ल्याउने आमूल परिवर्तनलाई बुझ्नुपर्छ ।

रवि लामिछाने नेपाली राजनीतिका एक त्यस्ता सुपरस्टार बने जसले नेपालमा सोसियल इन्जिनियरिङ मूभमेन्टको नयाँ फर्मुला सहितको आन्दोलनको नेतृत्व लिन र आन्दोलन छेड्न सफल भए, जसका माध्यमबाट उनी मात्र सेलिब्रिटी बनेनन् समग्र मुलुकको राजनीतिलाई नै तरंगित बनाए, नेपाली समाजमा व्याप्त विकृति, विसंगति, निराशा र भ्रष्टाचारका विरुद्ध एउटा शान्तिपूर्ण आन्दोलनको सुरुवात गराए । के बालक, के युवा, के वृद्ध, के पुरुष, के नारी, के वैदेशिक रोजगारीमा गएका युवा, सबैको मनमा आज रवि लामिछानेले बजाएको सामाजिक इन्जिनियरिङ आन्दोलनरूपी घन्टी बजिरहेको छ ।

यसका माध्यमबाट मिसन-२०८४ अन्तर्गत कम्तीमा पनि स्पष्ट बहुमत ल्याएर रवि लामिछाने नेतृत्वको सरकार बनाएर नेपालमा धमिलिएको राजनीतिलाई सङ्ल्याउँदै सुशासनको प्रत्याभूति गराउनेछ । शिक्षा, स्वास्थ्य, खानेपानी, युवा रोजगारी र भ्रष्टाचार जस्ता मुद्दाको सम्बोधन गर्नेछ, थलिएको अर्थतन्त्रलाई उकास्न ऊर्जा, कृषि, पर्यटन क्षेत्रको विकास गर्दै स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नेछ ।

सन्तुलित र द्विपक्षीय हित अनुकूल हरेक देशसँगको परराष्ट्र सम्बन्धलाई थप प्रगाढ बनाउनेछ, शताब्दी सुहाउँदो, अन्तर्राष्ट्रियस्तरको, भावी पुस्ताको आकांक्षालाई समेट्ने द्रुतगतिको विकास गर्नेछ र निष्कर्षमा समतामूलक समाजको निर्माण गर्नेछ भन्ने संकल्प रास्वपाबाट अपेक्षा गरिएको छ । *(साभार: अनलाइनखबर)*

# कालोबजारी छ प्याजमा, वाणिज्यको अनुगमन कस्मेटिक र कपडामा

काठमाडौं/सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) लगाएपछि अहिले बजारमा प्याजको चरम मूल्यवृद्धि भइरहेको छ । १ असारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एक विज्ञप्ति जारी गरेर प्याज लगायतका वस्तुको उच्च मूल्यमा बिक्री गर्ने कार्य नगर्न बिक्रेताहरुलाई सचेत पनि बनायो । तर, वाणिज्यको विज्ञप्तिले न त बजारमा प्याजको आपूर्ति सहज भयो न त मूल्य नै नियन्त्रण । यस्तोमा बजार अनुगमन गरेर सहज आपूर्ति र मूल्य नियन्त्रण गर्नुपर्ने हो । तर, वाणिज्य विभाग प्याजलाई विज्ञप्तिको जिम्मा लगाएर कपडा र मदिराको बजार अनुगमनमा निस्केको छ ।

बजारमा प्याजको मूल्य बढेकोबारे प्रकाशित समाचारबारे गम्भीर भएको भन्दै विभागले निकालेको विज्ञप्तिमा भनिएको थियो, 'बजारमा प्याजको मूल्यमा अस्वभाविक उतार चढाव महसुस हुनासाथ विभागले सतर्कतापूर्वक बजारको आपूर्ति प्रणाली अध्ययन/अनुगमन गरिरहेको छ ।' थप प्रष्ट्याँदै विज्ञप्तिमा भनिएको छ, 'भ्याटलाई कारण देखाएर नियमित आपूर्तिमा भइरहेको वस्तुको स्वभाविक मूल्य भन्दा उच्च मूल्य कायम गरी बेचबिखन गर्ने कार्य उपभोक्ता हित संरक्षण विपरीत हो ।'

२०८०/८१ को बजेटसँगै आलु प्याजसहित १७० प्रकारका वस्तुको भ्याट छुट खारेज गरेपछि बजारमा प्याजको मूल्य चार गुणासम्म महँगो भयो । आलु, प्याज, फलफूल लगायतको खाद्य वस्तुको मूल्य उच्च वृद्धि हुँदा अनुगमनकारी केन्द्रीय निकाय भने विज्ञप्तिमै सीमित रह्यो ।

अझ अचम्म त के भने सरकारको एउटा निर्णयले भान्साको अत्यावश्यक वस्तुहरुमा चार गुणा हारहारीमै मूल्यवृद्धि हुँदा केन्द्रीय अनुगमनकारी निकाय वाणिज्य विभाग भने मदिरा, कपडालगायतको अनुगमनमा व्यस्त छ । आपूर्ति र मूल्यमा हस्तक्षेप गर्नुपर्ने निकायहरु गैरजिम्मेवार ढंगले हिंड्दा उपभोक्ता भने महँगीको मार मा परिरहेका छन् ।



### बजेटपछि प्याजको मूल्य ३ गुणाले बढ्यो

१५ जेठका दिन कालीमाटी तरकारी बजार विकास समितिको बजार मूल्य सूचनामा प्याजको प्रतिकिलो थोक मूल्य ३८ रुपैयाँ प्रतिकिलो थियो । सोही दिन आलुको मूल्य ३० रुपैयाँ मात्रै तोकिएको थियो । तर, बजेट घोषणायता आलुको मूल्य करिब दोब्बर र प्याजको मूल्य किलोमा ३.४ गुणाले बढ्यो ।

असारको सुरुआतसम्म आइपुग्दा प्याज किलोमा १३० रुपैयाँसम्म पुग्यो भने आलु किलोमा ४५ रुपैयाँसम्म खुद्रामा बिक्री भइरहेको छ । केही दिनयता प्याजको मूल्य ओरोलो त लागेको छ । तर, बजेटका कारण बढेको मूल्य अझै नियन्त्रण हुन सकेको छैन ।

१३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने घोषणा गरेपछि महँगिएको आलु प्याजका कारण उपभोक्ताको भान्सा दिनदिनै महँगो हुँदै गएको छ । नेपालमा आलु प्याजको आयात तथा वितरणमा सहभागी व्यवसायीहरु भने सरकारको भ्याट नीतिका कारण आफूहरुले ती वस्तुको आयात गर्न नसकेका कारण दुई साता मूल्य बढेको दाबी गर्छन । ती वस्तुको आयात र बिक्रि प्रकणमा आफूहरु संलग्न नभएका कारण त्यो आफैमा छानबिनको विषय भएको नेपाल कृषिउपज आलु प्याज आयात निर्यात थोक बिक्री संघका महासचिव प्रकाश गजुरेल बताउँछन् ।

### वाणिज्य अनुगमन अर्कै वस्तुमा केन्द्रित

१५ जेठको बजेट पछि १६ गतेसम्म बजारमा प्याज र आलुको मूल्य यथावत नै थियो तर १७ गतेबाट एकाएक मूल्य आकासियो । १७ जेठमा वाणिज्य विभागले १६ वटा बजार अनुगमन गऱ्यो । जसमा एउटा पनि प्याज र आलु जस्ता तरकारीसँग सम्बन्धित थिए । सो दिन अनुगमन भएकामध्ये ५ वटा रेडिमेट कपडा पसल थिए भने ३ वटा भाँडाकुँडा र केही रेष्टुराँ र फर्निचर पसल थिए ।

१८ जेठमा विभागले १२ वटा अनुगमन गर्दा जम्मा एउटा तरकारी पसलमा सामान्य निर्देशन दियो भने कस्मेटिक, रेडिमेट कपडा, खाना पकाउने ग्याँस लगायतमा विभागको अनुगमन केन्द्रित भयो ।

१९ जेठमा भएको ९ वटा अनुगमन भएकामा जम्मा मदिरा, मिठाइ, निर्माण सामग्री र रेडिमेड कपडामा मात्रै अनुगम केन्द्रित रह्यो । यस्तै, २१ जेठमा विभागले गरेको ७ वटा अनुगमनमा जुत्ता चप्पल, रेडिमेड थान कपडा, भाँडाकुँडा, जुत्ता चप्पल र कस्मेटिकको अनुगमन गरिएको थियो । जसमा एउटा खाद्य वस्तुको नमूना लिइएको विभागको प्रतिवेदनमा उल्लेख छ । २२ जेठमा भएको १३ अनुगमनमा पनि आलु र प्याजका कुनै कारबाही तथा अनुगमन विभागले गरेन । २३ जेठमा भएको १७ अनुगमनमा पनि एउटै अनुगमन प्याज र आलुमा केन्द्रित थिएन । यो दिन हार्डवेयर, कस्मेटिक पसल, रेडिमेड कपडा, भाँडाकुँडा र फर्निचर पसलमा विभागको अनुगमन भएको थियो । २४ जेठमा १९ वटा अनुगमन भयो जसमा विद्युतीय पसलदेखि रेडिमेट फेन्सी पसल र रेष्टुराँसमेत विभागको नजरमा पऱ्यो । तर, एउटा तरकारी र फलफूल बजार र पसलमा विभागले अनुसन्धान गरेन । मूल्य आकाशिएको १० दिनपछि २५ जेठमा विभागले कालिमाटी सहितका बजारमा २३ वटा अनुगमन गरेको थियो । सो दिन भएको ८ वटा तरकारी केन्द्रित अनुगमनमा ३ वटामा कैफियत नभएको प्रतिवेदन विभागले बनायो भने बाँकी ५ वटामा कागजात माग गरेर छोड्यो ।

२६ गते आएर विभागले एउटा तरकारी पसललाई खरिद बिक्री बिल नराखेको भन्दै जरिवाना गऱ्यो । यो दिन बल्खु तरकारी बजारमा अनुगमन गर्दा सामान्य देखेको विभागले शान्तिनगरको तरकारी पसललाई जरिवाना गरेको थियो । यो दिन भएको १० अनुगमनमा ४ वटा मात्रै तरकारी अनुगमनमा केन्द्रित थिए । २८ जेठको २२ वटा अनुगमनमा तीन वटा तरकारीका मात्रै थिए । यो दिन खरिद बिक्री बिल नभएको भन्दै कारबाही भएका जोरपाटीका तरकारी पसललाई जनही ५ हजारका दरले जरिवाना गरिएको थियो ।

### बजेटले परेको असर न्यूनीकरण नै भएन

उपभोक्ता अधिकारकर्मीहरुले भने सरकारले घोषणा गरेको बजेटका कारण देखिएको बजारको असर न्यूनीकरणका लागि कामै नभएको बताएका छन् । उपभोक्ताको भान्सा दोब्बरले महँगो हुँदा अनुगमनकारी निकाय मौन भएर बसेको उपभोक्ता हितमा काम गर्ने तीन प्रमुख संस्थाहरुको दाबी छ ।

ज्योति बानियाँ नेतृत्वको उपभोक्ता हित संरक्षण मञ्च, प्रेमलाल महर्जन नेतृत्वको राष्ट्रिय उपभोक्ता मञ्च र माधब तिमल्सिना नेतृत्वको उपभोक्ता अधिकार अनुसन्धान मञ्चले सरकार बजार नियन्त्रणका लागि चुकेको भन्दै बिहीबार १६ बुँदे माग पत्रसमेत प्रस्तुत गरेका छन् । बजेटको व्यवस्थाले महँगो भएको उपभोक्ता मूल्य नियन्त्रण गर्न, बजार अनुगमन प्रभावकारी बनाउन र जनतालाई राहतको प्याकेज ल्याउन उनीहरुले संयुक्त अपिल समेत गरेका छन् ।

### अनुगमन भएको दाबी

बजारमा प्याजको मूल्य बढेर उच्च बिन्दुमा पुगेपछि सरकारको तीव्र आलोचना भएको थियो । वाणिज्य विभागको काम कारबाहीलाई लिएर आलोचना उच्च भएपछि मूल्य वृद्धि सुरु भएको दुई सातापछि मात्रै विभागले केही सांकेतिक कारवाही गरेको छ । त्यसो त कारवाहीको बहुमत काम बजार र उपभोक्ताले भोगेको प्याजमा केन्द्रित भएको विभागकै प्रतिवेदनमा देखिंदैन ।

विभागका सूचना अधिकारी होमनाथ भट्टराई स्रोत र साधनले धानेजति अनुगमन गरेको बताउँछन् । 'केही किराना पसललाई कारबाही गरेका छौं । आपूर्ति सहजीकरणका लागि व्यवसायीहरुसँग पनि छलफल गरेका छौं,' भट्टराईले भने, 'अहिले मूल्य ओरालो लाग्दैछ, यसको कारण विभागको अनुगमन नै हो ।' ३४ रुपैयाँबाट बढेर प्याजको मूल्य १३० रुपैयाँ पुग्दा प्याजमै भएको कारवाहीका विवरण माग गर्दा उनले यस्तो तथ्याङ्क नभएको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# अदालतमाथि अविश्वास जगाउने बालेनको दुस्साहस

काठमाडौं/आफूलाई स्पष्टीकरण सोध्ने नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णय विरुद्ध काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले आफैं उच्च अदालतमा निवेदन दिए ।

त्रिभुवन विमानस्थल नजिकै सिनामंगलमा नक्सा पास नगरी बनाइरहेको भवन परिसरको फेन्सिङ तारबार काटेको भन्दै उड्डयन प्राधिकरणले मेयर बालेन, नगर प्रहरी प्रमुख राजु पाण्डे र वडा नम्बर ९ का वडाध्यक्ष र ामजी भण्डारीलाई किन कारबाही नगर्ने भनेर १ असारमा ७ दिने स्पष्टीकरण सोधेको थियो ।

स्पष्टीकरण सोध्न गैरसंवैधानिक, गैरकानुनी र क्षेत्राधिकारविहीन भएको भन्दै बालेनले वारेस मार्फत बुधबार दायर गरेको रिट बिहीबार उच्च अदालत, पाटनका न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासमा पऱ्यो ।

संयोगह न्यायाधीश चन्दकै इजलासमा बालेनलाई विपक्षी बनाएको मुद्दा पनि पऱ्यो । विवादास्पद फिल्म 'आदिपुरुष'लाई लिएर भारतीय फिल्मको प्रदर्शन रोक्ने बालेनको कदम विरुद्ध चलचित्र संघले बुधबार रिट दायर गरेको थियो । त्यो रिटमा सुनुवाइ गर्दै न्यायाधीश चन्दकै इजलासले सेन्सर बोर्डले अनुमति दिएका कुनै पनि फिल्मको प्रदर्शन नरोक्न अल्पकालीन अन्तरिम आदेश दिए ।

अदालतको आदेशलगत्तै काठमाडौं महानगरका मेयर बालेनले अदालतको आदेश नमान्ने घोषणा गरे । अदालत भारतको गुलाम भएको भन्दै उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्– 'जहाँ सवाल देशको सार्वभौमिकता र स्वाधीनताको आउँछ, म कुनै कानुन र अदालतलाई मान्नेवाला छैन ।'

'अदालतको आदेश नमान्ने' राजधानी शहरका शक्तिशाली मेयर बालेनको यो टिप्पणी संविधान, विधि र पद्धति विरुद्धको अराजक प्रतिक्रिया भएको कानुनका जानकार हरू बताउँछन् ।

### बालेनको केटौलेपन

भारतीय फिल्म 'आदिपुरुष'मा भएको सीता भारतीय छोरी भन्ने आशयको एउटा संवाद आपत्तिजनक छ ।

त्यसमा बालेन मात्रै होइन, देशको आम जनमत असन्तुष्ट छ र त्यो विभिन्न माध्यमबाट प्रकट भइरहेको छ । तर उच्च अदालतले 'सेन्सर बोर्डले अनुमति दिएका चलचित्रको प्रदर्शन नरोक्न' अल्पकालीन अन्तरिम आदेश दिएपछि यो मामिला सामाजिक बहसलाई कायम राख्दै एउटा निर्क्योलमा पुगेको थियो ।

अदालतको आदेश अस्वीकार गर्ने घोषणा गरेर बालेनले एउटा विवादास्पद हिन्दी फिल्म आदिपुरुषका आडमा मुलुकको प्रणाली भत्काउने दुस्साहस गरेका छन् । र ाजधानी रहेको महानगरको मेयर, जिम्मेवार जनप्रतिनिधि, जसबाट देशमा विधिको पालना, पद्धति



अवलम्बन र संस्थागत गर्ने अपेक्षा गरिन्छ, उसैले 'अदालतको आदेश मान्दिनँ' भन्नु वर्तमान प्रणाली दुत्कार्ने प्रयास हो ।

संविधानविद् विपिन अधिकारी मेयर बालेन शाहको टिप्पणी बदनियतपूर्ण होइन, तर केटौलेपन देख्छन् । 'किनभने बालेन शाह होइन, काठमाडौं महानगरको मेयर, एउटा राष्ट्रसेवक बोलिरहेको छ । जो कानुन र संविधानमा बाँधिएको हुन्छ' उनले भने, 'अदालतसँग असहमत हुन सकिन्छ, तर अदालतप्रति अनास्था हुने टिप्पणी गर्न पाइन्न । पदमा बसेकाहरू त यसप्रति अझ सचेत हुनुपर्छ ।'

मेयर बालेनमा जुझारुपन र नेताहरूमा हुनुपर्ने अरू धेरै गुण देखेको भन्दै उनले अघि भने, 'सार्वजनिक पदमा बस्नेहरूले कानुनको शासनप्रति पनि विश्वास गर्नुपर्छ । अरूको अधिकारको सम्मान गर्न सक्नुपर्छ । त्यो चाहिं देखिएन ।'

बालेनले उनी आफूबाहेक संघीय सरकार र अदालतलाई अराष्ट्रवादी करार गर्ने प्रयत्नमा रहेको देखिन्छ । सरकार र अदालत लोकतन्त्रका स्थायी संरचनामध्येमा पर्छन् । यिनले गल्ती गर्न सक्छन् र बारम्बार गल्ती गरेका पनि छन् । तर तिनको गल्ती सच्याउने स्वीकृत विधि छ । त्यो भनेको संघीय सरकार विरुद्ध राजनीतिक र न्यायिक उपचार खोज्ने हो भने तल्लो अदालतको आदेश विरुद्ध माथिल्लो अदालत जाने हो ।

तर काठमाडौंका मेयर बालेन वैधानिक विकल्पहरू प्रयोग नगरी आफूखुशी हिंड्न खोजिरहेका छन् । अधिनायकवादी शासन व्यवस्थामा मात्रै हो कुनै व्यक्तिको बुझाइ अन्तिम हुने, त्यसमा चुनौती दिन नपाइने । लोकतान्त्रिक प्रणालीमा त शक्ति विभिन्न निकायमा वितरण गरिएको हुन्छ र तिनको प्रयोगमा सन्तुलनको अपेक्षा गरिन्छ । बालेन व्यक्ति यसको अपवाद हुनै सक्दैनन् ।

नेपाल बार एशोसिएसनका पूर्वअध्यक्ष चण्डेश्वर श्रेष्ठले तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि अदालतको फैसला अनुसार शाही आयोग खारेज गरेको स्मरण गरे । 'हिजो सेनाको भरमा शासन सत्ता लिएका तत्कालीन राजा ज्ञानेन्द्रले त अदालतको आदेश मानेर शाही आयोग खारेज गर्नुपरेको थियो, राष्ट्रपतिले अदालतको आदेश पालना गरिरहेका छन्' वरिष्ठ अधिवक्ता श्रेष्ठ भन्छन्, 'काठमाडौंका मेयरले आदेश मान्दिनँ भन्न मिल्दैन । मलाई विश्वास छ, उहाँ आदेश अनुसार चल्नुहुन्छ ।'

संघीय सरकारले आफ्ना कतिपय कामकारबाहीलाई 'स्टन्ट' भनेकोमा बालेन क्रुद्ध छन् । सञ्चार तथा सूचनाप्रविधि मन्त्री रेखा शर्माको पछिल्लो भनाइबाट बालेन आक्रोशित भएको बुझ्न कठिन छैन । संघीय प्रणाली भन्ने तर अधिकार जति सिंहदरबारमा केन्द्रित गर्ने सरकारको व्यवहारको आलोचना बालेनबाट मात्रै होइन, सर्वत्र भइरहेको छ । त्यस अर्थमा बालेनको त्यो असन्तुष्टि पूर्णत: नाजायज होइन ।

यसअघि बुधबार मात्रै उच्च अदालतले शैक्षिक मेला रोक्ने उनको आदेश कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । त्यसमा पनि उनले कुनै लिखित जानकारी बेगर कार्यक्रम रोक्न प्रहरी पठाएको सन्दर्भ अदालतमा उठेको छ । अदालतले दुवै पक्षलाई छलफलमा बोलाएको पनि छ । यसरी हेर्दा संघीय सरकार र नेपालको न्यायालय आफूविरुद्ध रहेको बालेनलाई लागेको हुन सक्छ ।

काठमाडौं महानगर जस्तो शक्तिशाली निकायको प्रमुख जनप्रतिनिधिले अदालतको आदेश मान्दिनँ भन्नुको अर्थ गम्भीर हुन्छ । यो कुनै आदेश नमान्ने कुरा मात्रै होइन, वर्तमान संविधान र शासकीय संरचनाले निर्माण गरेको पद्धति नमान्ने भनेको हो ।

पूर्वन्यायाधीश एकराज आचार्य अदालतको आदेश पालना गर्दिनँ भन्ने छुट कसैलाई नभएको बताउँछन् । 'यो व्यवस्था र अदालत नै मान्दिनँ भन्नेहरूको मानवअधिकार को रक्षामा समेत अदालतले महत्वपूर्ण आदेश गरेको इतिहास छ' उनले भने, 'अदालतको आदेशमाथि प्रश्न उठाउने बाटो छ भने थप कानुनी उपचार खोज्न सकिन्छ, तर आदेश मान्दिनँ, जे गर्ने हो गर भन्न त मिल्दैन ।'

### अनुकूल आदेश मात्र मान्ने हो ?

बिहीबार नै उच्च अदालतका न्यायाधीश धीरबहादुर चन्दकै इजलासले बालेनको पक्षमा पनि आदेश दिएको छ । बालेनको तर्फबाट बहस गरेका अधिवक्ता ओमप्रकाश अर्यालका अनुसार स्पष्टीकरण पत्र कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको हो । असर्थ अब बालेनले तत्कालै स्पष्टीकरण बुझाउनुपर्दैन ।

आफ्नो प्रतिकूल आदेश दिंदा नमान्ने प्रतिक्रिया दिएका मेयर बालेनले यसबारे भने केही बोलेका छैनन् ।

# वेष्ट इन्डिजविरुद्ध नेपालको निडर प्रदर्शन

काठमाडौंःएकदिवसीय विश्वकप छनोटको आफ्नो तेस्रो खेलमा नेपाल टेष्ट मान्यता प्राप्त टिम वेष्ट इण्डिजसँग १०१ रनको फराकिलो अन्तरले पराजित भएको छ ।

जिम्बाव्वेको हरारेमा पहिले ब्याटिङ गरेको वेष्ट इण्डिजले शाई होप र निकोलस पुरनको शतकको मद्दतमा निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३३९ रन बनायो । जवाफमा नेपालले ४९.४ ओभरमा सबै विकेट गुमाएर २३८ रन बनायो । नेपालका लागि आरिफ शेखले सर्वाधिक ६३ रन बनाए ।

खेलपछि वेष्ट इण्डिजका कप्तान होपले नेपालले निकै जोश र निडरताका साथ खेलेको प्रतिक्रिया दिएका छन् । खेलमा नेपालले टस जित्यो र कप्तान रोहित पौडेलले वेष्टइण्डिजलाई ब्याटिङको निम्तो दिए । बिहानी विकेट कन्डिसनको नेपालले फाइदा पनि उठायो । करण केसी र गुल्सन झाले पहिलो ५ ओभरभित्रै काइल मेयर्स र जोनसन चार्ल्सको विकेट लिएपछि वेष्टइण्डिज ९/२ मा रह्यो । सुरुवाती दुई खेलमा विकेटविहीन रहेका सन्दीप लामिछानेले आफ्नो खेल सुधारे र ब्राण्डन किङलाई क्लिन बोल्ड गरे ।

त्यसपछि क्रिजमा पुरन र होपको जोडी आए । तर पुरनको क्याच ड्रप नै खेलको टर्निङ प्वाइन्ट बन्यो । पुरन जम्मा ३ रनमा रहेका बेला विकेट किपर आसिफ शेखले उनको क्याच ड्रप गरेका थिए । लगत्तै पुरनले ललित राजवंशी र सन्दीप लामिछानेको ओभरमा छक्का हान्दै ब्याटिङको गियर बढाए, जसमा होपले साथ दिए ।

क्रिजमा जमेका उनीहरुले पालै पालो अर्धशतक पूरा गरे, शतक बनाए । पुरन र होपले चौथो विकेटका लागि २१६ रनको साझेदारी गरे । वेष्ट इण्डिजका ब्याट्सम्यानले अन्तिम १० ओभरमा निकै खुलेर खेल्दै ९८ रन जोडेका थिए ।

४३.६ ओभरमा दीपेन्द्रसिंह ऐरीले कट एण्ड बोल्ड गर्नुअघि पुरनले ११५ रन बनाए । ९४ बलको सामना गरेका उनले १० चौका र ४ छक्का प्रहार गरेका थिए । ४८ औं ओभरको पहिलो बलमा ललित राजवंशीको बलमा गुल्सन झाको हातबाट क्याच आउट भएका रोभमन पावेलले १४ बलमा ३ चौका र १ छक्कासहित २९ रन बनाए ।

अन्तिम ओभरमा नेपालले २ विकेट लियो । दोस्रो बलमा ललितले वेष्ट इण्डिजका कप्तान होपलाई १३२ रनमा भीम सार्कीबाट क्याचआउट गराए भने इनिङ्सको अन्तिम बलमा कीमो पाउललाई बोल्ड गरे ।

नेपालको फिल्डिङ कमजोर रह्यो । इनिङभरमा कम्तीमा ७ वटा क्याचको अवसर खेर फालेको थियो । कप्तान रोहितकुमार पौडेलले खेलपछि भनेका छन्, 'हामीले राम्रो बलिङ गऱ्यौं, तर केही क्याच ड्रप भयो । हामीले फिल्डिङ अझ राम्रो गर्नुपर्छ ।'

खेलपछि वेष्ट इण्डिजका कप्तान होपले नेपालले बलिङ, त्यसमा पनि स्पीनमा राम्रो गरेको बताए । यद्यपि नेपालको स्पीनरहरुको चुनौती सामना गर्न पुरन र आफूले निकै राम्रो ब्याटिङ गरेको भन्दै उनले भने, 'सुधार गर्ने ठाउँ अझै छ ।'

नेपालका लागि ललितले ३ तथा करण, गुल्सन, सन्दीप र दीपेन्द्रले एक-एक विकेट लिए । ललितले १० ओभरमा ५२ रन खर्चिए । सन्दीपले १० ओभरमा १ मेडन राख्दै ५० रन खर्चिए ।

अमेरिकाविरुद्ध ४ विकेट लिएर प्लेयर अफ द म्याच बनेका करणले १० ओभरमा १ मेडन राख्दै ८१ रन खर्चिए । एकदिवसीय क्रिकेटमै सबभन्दा ठूलो ३४० रनको लक्ष्य पछ्याएको नेपालका ब्याट्सम्यानहरुलाई वेष्ट इण्डिजका बलर जोसप र होल्डरले खुलेर खेल्नै दिएनन् ।

जति रन बढ्दै गयो, नेपालले त्यति नै विकेट गुमाइरह्यो । वेष्ट इण्डिङको फिल्डिङ उत्कृष्ट रह्यो । खासगरी कुशल मल्ल र दीपेन्द्र सिंह ऐरीको विकेट । भर्खर क्रिजमा आएका मल्लले होसिनको बलमा छक्का हान्ने प्रयास गरेका थिए । तर काटिजले बाउण्ड्री छेउमा बल समाते, बल फालेर बाहिर गए, अनि फेरि भित्र आएर क्याच लिए । यस्तै रोष्टज चेजले पनि डाइभ हानेर दीपेन्द्र सिंह ऐरीको विकेट लिएका थिए ।

नेपालले १२८ रन बनाउँदा ६ विकेट गुमाइसकेको थियो । तर आरिफ शेख क्रिजमा डटिरहे र नेपालको स्कोर २०० कटाएर खेललाई सम्मानजनक अवस्थामा पुऱ्याए । अनि करण केसीले केही आक्रामक सर्ट खेले र खेललाई अन्तिम ओभरसम्म लैजान सफल भए । नजिता भने वेष्टइण्डिजकै पक्षमा रह्यो ।

खेलपछि वेष्ट इण्डिजका कप्तान होपले नेपालको तारिफ गरे । नेपाली ब्याट्सम्यानहरुले होल्डर, जोसफ, मेयर्स र पछि अकिल जस्ता बलरलाई सामना गर्न निकै संघर्ष गर्नुपरेको भन्दै उनले भने, 'उनीहरुले लगभग पुरै ओभर खेले । एउटा अनुभवी टिमसँग खेल्नु उनीहरुका लागि सिक्ने अवसर पनि हो ।'

टस जितेर बलिङ रोजेको नेपालले पावर प्लेमा आफूहरुलाई दबाबमा राख्न सकेको भन्दै उनले भने, 'उनीहरुले फेरि एक पटक जोश र निडरताका साथ खेले ।'

### नेदरल्याण्ड्सविरुद्ध जित्नैपर्ने दबाब

बिहीबारै भएको अर्को खेलमा नेदरल्याण्ड्सले अमेरिकालाई ५ विकेटले हरायो । टस हारेर पहिले ब्याटिङ गरेको अमेरिकालाई २११ रनमा समेटेको नेदरल्याण्ड्सले ४० बल बाँकी रहँदै पाँच विकेटको क्षतिमा लक्ष्य भेटायो । हारसँगै अमेरिका एक खेल बाँकी रहँदै विश्वकप छनोटबाट बाहिरिएको छ । सोमबार जिम्बाव्वेसँग हुने खेलका उसका लागि औपचारिकता मात्र हुनेछ ।

अब सुपर सिक्समा स्थान बनाउन चार टोली प्रतिस्पर्धामा छन् । त्यसमा पनि सबभन्दा दबाबमा नेपाल छ । किनकी दुई खेल लगातार जितेर वेष्ट इण्डिज ४ अंकसहित पहिलो र उति नै खेलमा समान ४ अंक सहित जिम्बाव्वे दोस्रो स्थानमा छ । दुई खेल मात्रै खेलेको नेदरल्याण्ड्स दुई अंकसहित तेस्रो र तीन खेल खेलेको नेपाल दुई अंकसहित चौथो स्थानमा छ । अब नेपालले शनिबार नेदरल्याण्ड्ससँग खेल्नेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुहोस् ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# रुदाने बारे थाहा, हेटौंडा र काठमाडौंमा चर्चा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/थाहा नगरपालिकामा जन्मिएर सामाजिक र राजनीतिक रुपान्तरणमा योगदान पुऱ्याएका रुपचन्द्र विष्ट (रुदाने)को २४ औं स्मृति दिवसको अबसरमा थाहा, हेटौंडा र काठमाडौंमा एकै दिन चर्चा गरिएको छ । शत्रुले चिनेको मित्रुले चिन्न नसकेको दार्शनिक चिन्तक रुदानेको परिचय थाहा अभियन्ताको रुपमा चिनिन्छ ।

विष्टको २४ औं स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा विष्टलाई जनमुखी र इमानदार राजनीतिज्ञको रुपमा स्मरण गरिएको छ । रुपचन्द्र विष्ट स्मारक समिति र मकवानपुरे समाजको संयुक्त आयोजनामा भएको कार्यक्रममा कांग्रेस नेता तथा सांसद् अर्जुननरसिंह केसीले विष्टलाई सामाजिक हितका निम्ति जीवन अर्पिने जनमुखी नेताका रुपमा सम्झिनुपर्ने धारणा राखे ।

अहिलेका नेताहरु जनताको हितका निम्ति नभइ ठूलठूला भ्रष्टाचार काण्डको ढाकछोपका निम्ति मात्रै एकजुट हुने गरेको केसीको भनाइ थियो । नेता केसीले विष्टको वैचारिक स्वतन्त्रता र स्पष्टताको आफू प्रशंसक भएको बताए । विष्ट सदैव न्यायका लागि निष्पक्ष भएको भन्दै अहिले हामी निजी स्वार्थमा सक्रिय भएको बताए । 'विष्टले निजी स्वार्थलाई छोड्नुभयो । हामी निजी स्वार्थमा अड्कियौं', उनले भने, 'अहिले देशमा भइरहेको भ्रष्टाचारमा सम्पूर्ण पार्टी नेतृत्व एक छ । यसले के देखाउँछ भने हामीले विष्टको विचारलाई ग्रहण गर्न सकेनौं।'

देशमा विभिन्न समस्या विद्यमान रहेको भन्दै नेता केसीले यस्तै अवस्था रहे देशमा अराजक आन्दोलन हुन सक्नेतर्फ संकेत गरे । जबसम्म देशमा निष्पक्ष सक्रियताको अभ्यास हुन सक्दैन तबसम्म समाज सुधार हुन नसक्ने उनको तर्क थियो । अन्तरक्रियामा बोल्दै रुपचन्द्र विष्ट स्मारक समितिका अध्यक्ष तथा पूर्वसांसद् रामनारायण बिडारीले विष्टको कुनै पनि सिद्धान्त पूरा हुन नसकेको बताए । उनले थाहाका प्रणेता विष्टलाई नेपालका कुनै पनि राजनीतिक दलले बुझ्न नसक्दा समस्या पैदा भएको जिकिर गरे । बिडारीले 'दल छाडी पद, पद छाडी दल', 'व्यवस्था निर्दलीय, राजनीति बहुदलीय' लगायतका विष्टका आधारभूत राजनीतिक सिद्धान्तबारे गम्भीर विमर्श हुनुपर्नेमा जोड दिए ।



'रुपचन्द्र बिष्टले जनमुखीतन्त्र अपनाउनुपर्ने कुरा बारम्बार दोहोऱ्याउनुहुन्थ्यो । उहाँले बोलेका कुरा व्यवहारमा उतार्नु पनि हुन्थ्यो', बिडारीले भने, 'तर, उहाँको जस्तै व्यवहारमा कुनै पनि राजनीतिक दलका नेतामा देखिएको छैन।' विष्टको कि दल छोडौं, कि पद छोडौं भन्ने विचारलाई आफूहरुले मनन गर्नुपर्ने जिकिर गरे । 'विष्टको भनाइ आज पनि नेपालका लागि अतिउपयोगी छ', बिडारीले भने । यस्तै माओवादी केन्द्रकी नेता शशी श्रेष्ठले अहिले नेताहरुले बोल्ने एउटा र व्यवहारमा अर्को गर्ने गरेको बताइन् । यो अवस्था देख्दा आफूलाई विष्टको अभाव खड्किरहने उनले जिकिर गरिन् ।

'विष्टले आफ्नो जीवनकालमा कहिल्यै छलछाम गर्नुभएन, जे बोल्नुभयो त्यो व्यवहारमा देखाउनुभयो। जे व्यवहारमा देखाउन सक्नुहुँदैन थियो, उहाँले त्यसलाई बोलेर ढोंग पिट्नु भएन', नेता श्रेष्ठले भनिन्, 'उहाँले गरिब र महिलाको भाषण गर्नुहुन्थ्यो । उनीहरुकै जीवन बाँच्नु हुन्थ्यो ।'

अहिलेका नेताले अंगाल्ने विचार सिद्धान्त व्यवहारमा तारतम्य नमिलेको उनले बताइन् । यदि विष्टलाई सम्झिने हो भने उनको सिद्धान्तलाई अगाल्नु पर्ने श्रेष्ठले बताइन् । विष्टलाई दुश्मनले चिन्यो तर, जसले चिन्नुपर्ने हो उसले चिन्न नसकेको श्रेष्ठको दाबी थियो । राजनीतिक इमानदारिताको आवश्यक भएको समयमा विष्टको सिद्धान्तलाई व्यवहारमा लागू गर्नुपर्ने उनको तर्क थियो ।

प्राध्यापक डा. चिरञ्जीवी खनालले विष्टको जीवनलाई विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रममा समावेश गर्नुपर्ने तर्क गरे । विष्टले युवाहरुलाई सधैं प्राथमिकता दिनुपर्ने बताउने गरेको उनले उल्लेख गरे । एकजनाको विचार बोकेर हिँड्ने मन्डले हुन् भन्ने विष्टको बुझाइ रहेको खनालले बताए । खनालले आफू युवाकालमा पत्रकारितामा लाग्दा धेरैपटक विष्टसँग भेट भएको र आफू सदैव मोटिभेट हुने गरेको बताए । 'विष्टको भाषणमा आउने दर्शनले सबैको मन जित्न सक्थ्यो । असाध्यै सुन्दर पक्ष हो । उहाँको बुझाई र भनाइ एकदमै गम्भीर हुन्थ्यो सधैं । राष्ट्रिय पन्चायतमा विष्टको भाषणले युवालाई मात्र होइन समाजको तल्लो तहका व्यक्तिको अधिकार सदैव अट्थ्यो', प्राध्यापक खनलले भने ।

यस्तै, नेकपा एमालेका नेता विजय सुवेदीले विष्टको अभाव सदैव खट्किने बताए । धेरैपटक विष्टको भाषण सुन्दा आफू उनको विचार र नीतिको अनुयायी बनेको उनले बताए । विष्टले जीवनमा संगठन निर्माण गरेको भए आमूल परिवर्तन हुन सक्ने विचार व्यक्त गरे । सुवेदीले सुशासन र रोजगारी प्रवर्द्धन गर्दै पिछडिएका समुदायको जीवनस्तर उकास्नका निम्ति विष्टका दर्शन, सिद्धान्त र विचारलाई पच्छ्याउनुपर्ने धारणा राखे ।

परराष्ट्रविद एबम् मकवानपुरका पूर्वसांसद हिरण्यलाल श्रेष्ठले समाज बदल्न विष्टले परिवारमा समेत विद्रोह गरेको बताए । आफू सम्पन्न घरमा जन्मिएर पनि विष्टले सदैव गरिखाने वर्गको पक्षमा लडेको बताए । विष्टले केही समयमा दामन भ्युटावरमा बसेर पनि काम पनि गरेको कुरा उनले उल्लेख गरे । 'भ्यू टावरमा बसेर नेपालका हिमालका दर्शनबारे विदेशीलाई सुनाउनुहुन्थ्यो । हिमालको ज्ञाता हो उहाँ', उनले भने, 'विष्टले टेलिस्कोपबाट हेरेर खगोलको बारेमा पनि भन्नूहुन्थ्यो । उहाँ खगोलको ज्ञाता पनि हो।' दामनमा विष्टको नाममा दुरबिन राखेर खगोलका बारेमा पनि अध्ययन गर्नुपर्ने श्रेष्ठले बताए ।

रुदाने, जसरु, रापसरु, स्वरुपेजस्ता उपनामले परिचित विष्ट २०२२ मा मकवानपुरको पालुङ गाउँ पञ्चायतका प्रधानपञ्च भएका थिए । त्यसबेला उनले मकवानपुरको उत्तरी क्षेत्रमा शिक्षा आन्दोलन चलाएका थिए । विष्टले 'छोरा पढाउने, छोरी नपढाउने मुर्दावाद, छोराछोरी दुवै पढाउने जिन्दावाद' जस्ता नारासहित अभियान चलाएका थिए । उनले छोराछोरीलाई स्कुल नपठाउने अभिभावकलाई जरिवाना तिराउने व्यवस्था समेत गरेका थिए ।

यसैगरी विष्टले चलाएको आन्दोलनले समाजमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको थाहानगरमा आयोजित कार्यक्रममा वक्ताहरुले बताए । थाहा नगर पालिकाको आयोजनामा नगरप्रमुख बिष्णु बिष्टको अध्यक्षतामा विकास घरमा रहेको रुदानेको सालिकमा माल्यार्पण गरिएको थियो । कार्यक्रमको अवसरमा वक्ताहरुले श्रमलाई प्रधानता दिनसके बिष्टलाई सच्चा श्रद्धाञ्जली हुने बताए ।

कार्यक्रममा उपप्रमुख भरत गोपाली, रुपचन्द्र बिष्ट स्थानीय स्मारक समितिका अध्यक्ष बिमलकुमार बिष्ट, नेपाली कांग्रेस नगरसभापति प्रमोदकृष्ण जोशी, थाहा नगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान, जिल्ला बहुउद्देश्यीय सहकारीका कोषाध्यक्ष बिमलकुमार ढकाल, भूमि आयोगका जिल्ला सदस्य अरुण रायमाझी, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीलगायतले रुपचन्द्र बिष्ट र थाहा दर्शनको बारेमा चर्चा गरेका थिय । कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधि, वडाअध्यक्षहरु, जनमुखी सहकर्मीको उपस्थिति रहेको थियो ।

रुदाने २०२८ सालमा स्नातक कोटामा राष्ट्रिय पञ्चायतको सदस्य भएका थिए । प्रजातन्त्रवादी विचार भएकै कारण राष्ट्रिय पञ्चायत सदस्य रहँदा समेत उनी पक्राउ परेका थिए । १९९० पुस २६ गते मकवानपुरको दामन घर्तीखोलामा जन्मिएका बिष्टको देहावसान २०५६ असार ७ गते काठमाडौंको सोल्टीमोडस्थित आफ्नै निबासमा भएको थियो ।

# विद्यार्थीलाई लागूऔषधविरुद्ध सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ हेटौंडा-५ मा रहेको लक्ष्मी आधारभूत विद्यालयका कक्षा ७ र ८ का विद्यार्थीलाई लागूऔषध सम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको छ । हेटौंडा उपमहानगरको आर्थिक सहयोग तथा लालित्य सेवा प्रतिष्ठानको आयोजनामा कार्यक्रम भएको हो ।

प्रतिष्ठानका अध्यक्ष मुना पाठकको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं ५ का वडाअध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामहरि मैनाली, सचेतना कार्यक्रमका प्रशिक्षक अधिवक्ता मोहन ढकाल, वडाप्रहरी कार्यालयका असई र बिकुमार यादव, सिआन पुनर्स्थापना केन्द्रका ऋषि क्षेत्रीलगायतको आतिथ्यता रहेको थियो ।

यस्तैगरी प्रतिष्ठानले वडाअध्यक्ष घिमिरेकै प्रमुख आतिथ्यतामा बालज्योति माध्यमिक विद्यालयमा पनि सचेतनामूलक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा कक्षा ८,९,१० का विद्यार्थीको सहभागिता रहेको प्रतिष्ठानका अध्यक्ष पाठकले बताइन् । कार्यक्रममा विद्यालयका अध्यक्ष रविन्द्र पोखरेल, प्रअ भरत अर्याललगायतको आतिथ्यता रहेको थियो ।




प्रतिष्ठानले हेटौंडा-४ मा रहेको आधुनिक राष्ट्रिय माध्यामिक विद्यालयका कक्षा ८,९,१० का विद्यार्थीलाई लागूऔषधसम्बन्धी सचेतना कार्यक्रम गरेको थियो । उक्त कार्यक्रम वडा नं. ४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा विद्यालयका प्रअ र मसागर गुरागाईं, सिआनका सुजन डिसी, जिल्ला प्रहरी कार्यालयका असई सुबोध ठाकुरलगायतको आतिथ्यता रहेको थियो ।

# कैलाश गाउँपालिकाले ल्यायो नीति तथा कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुरको बिकट मानिने कैलाश गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम गाउँसभामा पेश गरेको छ । बिहीबार आयोजित १२ औं गाउँसभामा पालिका अध्यक्ष लोकबहादुर मुक्तानले आगामी आव २०८०/८१ को नीति तथा कार्यक्रम पेश गरेका हुन् ।

गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै अध्यक्ष मुक्तानले आगामी वर्ष गाउँपालिकाले दूध र खसीबोका बिक्रीमा अनुदान दिने घोषणा गरे । गाउँपालिकाले सहकारी मार्फत दूध बिक्री गर्दा किसानलाई प्रोत्साहनस्वरुप प्रतिलिटर ३ रुपैयाँ र खसीबोका बिक्री गर्दा जिउँदो प्रतिकिलो ५ रुपैयाँ अनुदान दिने घोषणा गरेको छ ।

यस्तै बीमा गरेका गाईभैंसी कृत्रिम गर्भाधान गरी ब्याएपछि सुत्केरी पोषण भत्ता बापत सम्बन्धित कृषकलाई रु २५०० नगद दिइने नीतिसमेत लिइएको छ । 'कृषि उत्पादनमा अविवृद्धि, कैलाश गाउँपालिकाको समृद्धि' भन्ने नाराका साथ कृषि क्षेत्रलाई मुख्य प्राथमिकताको साथ अगाडि बढाइने, 'बांझो जग्गाबिहिन गाउँपालिका, हराभरा गाउँपालिका' को निर्माण गर्न जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने, कृषि तथा पशुपालनसम्वन्धी प्राबिधिक परामर्श उपलब्ध गराउन प्राविधिक जनशक्तिलाइ बढाइने कार्यक्रम ल्याएको छ ।

कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकिकरण, यान्त्रिकिकरण र बजारीकरणमा जोड दिईने, कृषकलाई आधुनिक कृषिऔजार उपलब्ध गराईने, गाउँबासीमा स्वरोजगारीको सृजना गर्न एक वडा एक उत्पादनको नीति लिइने, विषादिरहित प्राङ्गारिक खेती तथा व्यावसायिक पशुपालनलाई प्रोत्साहन दिँदै पशु तथा बाली बीमा कार्यक्रम सञ्चालन गरिने, भने सहकारी खेती तथा सामूहिक खेतीलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था मिलाईने कार्यक्रम ल्याएको छ ।

रैथाने बाली कोदो, फापर, मास, मस्याङ, मकै, भटमास, सिमी आदि बालीको उत्पादन र बजारिकरणमा जोड दिइने, गिठ्ठा भ्याकुर जस्ता कन्दमुलको उचित संरक्षण गरी यसको विकास र बजारीकरणमा जोड दिइने, आधुनिक उन्नत पशुको उत्पादनमा जोड दिँदै किसानलाई दुग्ध र मासुजन्य उत्पादनमा प्रोत्सान गरिने, युवा लक्षित कार्याक्रमलाई जोड दिँदै नमुना कृषि फर्मको विकास गरिने जस्ता नीति तथा कार्यक्रम अघि सारेको छ ।

स्थानीय महत्वका खाद्य तथा पोषण कार्यक्रमलाई प्रोत्सान गरिने, गाई तथा बाख्रा पालन प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडि बढाइने, कैलाश गाउँपालिकामा संचालित सहकारी तथा वित्तीय संघ संस्थासँग समन्वय गरी कृषकलाई कृषिकर्जाको नागि समन्वय गरिने कैलाशको नीति तथा कार्यक्रममा छ । कैलाश गाउंपालिकामा कृषि अन्न तथा बालीहरु उत्पादनको लागि मौसम अनुकूल रहेको र जिल्लाका अन्य स्थानभन्दा राम्रो खेतीको सम्भावना भएको हुँदा अनुकूल समयमा उत्पादन हुने अदुवा, कफी, आलु, अलैंची, धान, मकैलगायत बाली उत्पादन बढाउनेतर्फ आवश्यक कार्यक्रमलाई निरन्तरता दिईने बताइएको छ ।

कृषि तथा पशुपालनको क्षेत्रमा कुनैपनि महामारी तथा संक्रमण फैलिएमा तत्काल पालिकास्तरबाट महामारी र प्रकोप नियन्त्रणमा आवश्यक कदम उठाइने, 'कृषकको ग्राहक स्थानीय सरकार' कार्यक्रममार्फत कृषि उत्पादनहरु स्थानीय सरकारले नै खरिद गरिदिने नीतिलाई दृढताका साथ अवलम्बन गरिने भएको छ । गाउँपालिकालाई प्राङगारिक मलमा आत्मानिर्भर गाउँपालिकामा रुपान्तरण गर्न रसायनिक मलमा दिईदै आएको अनुदान क्रमिक रुपमा प्राङ्गारिक मलतर्फ स्थानान्तरण गर्ने नीतिलाई बढावा दिदै लगिने बताइएको छ ।

# सामुदायिक विद्यालय अब्बल बनाउँदै शिक्षामा पहुँच बढाउन प्रदेशमा बस सुविधा

साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ मकवानपुर भीमफेदी गाउँपालिका वडा नम्वर ४ का सबिन वाईबालाई विद्यालय जान सधैं हतार हुन्थ्यो । उनको घरबाट विद्यालयसम्म पुग्न करिब डेढघण्टा हिँड्नु पर्ने समस्या थियो । भीमफेदीकै देउरालीका र स्मीलाई पनि घरदेखि विद्यालयसम्म पुग्न एक घण्टा लाग्थ्यो । घरदेखि विद्यालय टाँढा हुँदा कहिलेकाँहि उनी ढिला हुँदा विद्यालयमा गेट लागिसक्दा फर्केर घरै आउनुपर्ने समस्या थियो ।

यो समस्या सबिन र रस्मीको मात्रै होइन । भीमफेदी गाउँपालिकाकै देउराली, चिसापानी, दमार, पान्द्राङ, धोर्सिङ, गोल्पिङवेसी, आँपचौर, माण्डु, गडेली, जुडिखेत, उर्लाघारी, धुसेनीलयातका क्षेत्रका विद्यार्थीलाई पनि विद्यालयसम्म पुग्न कठिन हुने गरेको थियो । तर, अहिले भने उनको त्यो समस्या टरेको छ । भीमफेदी गाउँपालिका वडा नम्वर ६ मा रहेको महेन्द्र माध्यमिक विद्यालयमा वागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको २५ लाख सहयोगमा ४२ सिटे बस सञ्चालनमा आएपछि बालबालिकालाई विद्यालयमा जान र फर्किन निकै सहज भएको छ । बस सञ्चालन भएपछि यस क्षेत्रका विद्यार्थी अभिभावक निकै खुसी भएका छन् ।




सामुदायकि विद्यालयलाई अब्बल बनाउँदै शिक्षामा सबैको पहुँच बढाउन सामाजिक विकास मन्त्रालयले विद्यालय बस सेवा अनुदान कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयलाई बस सहयोग गर्दै आइरहेको छ । गत आर्थिक वर्ष २०७६/७७ देखि मन्त्रालयले सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई ओसारपसार गर्न बस सेवा सञ्चालन सुरु गरेको थियो । त्यसका लागि प्रतिविद्यालय २५ लाख रुपैयाँ दिदै आएको छ । मन्त्रालयका सचिव रामृष्ण पुडासैनीका अनुसार वागमती प्रदेश १३ जिल्लामध्ये धेरै विद्यार्थी हुने, टाढाबाट आउनुपर्ने अवस्था भएका विद्यालयको मापदण्ड हेरेर बस उपलब्ध गराउने गरेको बताए ।

सामुदायिक विद्यालयमा बससेवाले शैक्षिक गुणस्तरलाई समेत सहयोग पुऱ्याउने अपेक्षा सरकारले लिएको छ । बसको सुविधा भएमा विद्यार्थी एक-दुई घन्टा हिँड्दा थकित हुने र पढाइमा असर गर्ने अवस्थाको अन्त्य हुने र यसले सिकाइ उपलब्धि बढाउने अपेक्षा पनि गरिएको छ । सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सामुदायिक विद्यालयमा बससेवाले विद्यार्थीहरु खुशी हुनुका साथै विद्यालय जाने वातावरण पनि बनेको बताइन् । मन्त्री मोक्तानले बससेवाले सामुदायिक विद्यालयका विद्यार्थी घण्टौं हिँड्दुपर्ने समस्याको सामाधान हुनुका साथै विद्यार्थीमा पढ्ने उर्जा मिल्ने दावी गरिन् ।

उनले भनिन्, 'सामुदायकि विद्यालयलाई अब्बल बनाउँदै अतिविपन्न विद्यार्थीको भवष्यि सुनिश्चित गर्न हामीले बससेवा सञ्चालन गरेका हौं ।' सामाजिक विकास मन्त्रालयले अघिल्लो कार्यकालमा वागमती प्रदेशका ४१ वटा विद्यालयलाई बस खरिद गरेर पठाइसकेको छ । जसमध्ये मकवानपुरका ५ वटा सामुदायिक विद्यालयमा बस सञ्चालनमा छन् । त्यसैगरी काभ्रेपलाञ्चोकका ५ वटा विद्यालय, सिन्धुलीमा ८ वटा सामुदायिक विद्यालयमा, सिन्धुपाल्चोकका ४ वटा विद्यालय, चितवनका ३ र धादिङका ३ वटा सामुदायिक विद्यालयमा बस सञ्चालनमा छन् ।

काठमाडौंका २, ललितपुर का २, भक्तपुरका २, दोलखाका ३, नुवाकोटका २, रामेछापका २ र र सुवाका एक सामुदयिक विद्यालयमा बस सञ्चालनमा छन् । मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/८० का लागि प्रदेशका थप २७ वटा सामुदायिक विद्यालयमा बस सञ्चालन गर्न रकम उपलब्ध गराइसकेको छ । चालु आर्थिक वर्षमा काठमाडौंका १, काभ्रेका २, चितवनका ४, दोलखाका २, धादिङ्का ४ र नुवाकोटका २ सामुदायिक विद्यालयमा बस सञ्चालन गर्न रकम उपलब्ध गराएको हो ।

त्यसैगरी भक्तपुरका १, मकवानपुरका ५, रसुवाका १, रामेछापका १, ललिपुरका १, सिन्धुपाल्चोकका १ र सिन्धुलीका २ सामुदायिक विद्यालयलाई रकम उपलब्ध गराइसकेको छ । २७ वटा विद्यालयमा बस सञ्चालनका लागि रकम उपलब्ध गराएपनि विद्यालयले बस खरिद गर्दा अख्तियारमा मुद्धा परेर काम रोकिएको कारणले गर्दा बस सञ्चालनमा आइनसकेको शिक्षा निर्देशनालयका निमित्त निर्देशक पूर्णबहादुर दर्जीले जानकारी दिए ।

दर्जीले यही असार २० गते भित्रमा २७ वटै विद्यालयमा बस सञ्चालन भइसक्ने बताएका छन् । विद्यालयमा बस सञ्चालन प्रभावकारी देखाएपछि प्रदेशका अन्य सामुदायिक विद्यालयको पनि माग आइरहेको निमित्त निर्देशक दर्जीले बताए ।

# भौतिक मन्त्रीको कार्यकक्षमा 'ग्रेटर नेपाल'को नक्सा




साझाकुरा संवाददाता

हेटौंडा, ७ असार/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालले आफ्नो कार्यकक्षमा 'ग्रेटर नेपाल'को नक्सा राखेका छन् ।

नेकपा माओवादी केन्द्रबाट मन्त्री बनेका दुलालले बिहीवार 'ग्रेटर नेपाल'को नक्सा राखेको उनको सचिवालले जानकारी दिएको छ । दुलाल माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको जनयुद्धकालीन सुरक्षा कमाण्डर हुन् । बागमती प्रदेशको पहिलो कार्यकालमा साढे ३ वर्ष सामाजिक विकास मन्त्री भएका उनी हाल भौतिक मन्त्रालय सम्हालिरहेका छन् । इमान्दारिता र जवाफदेहीपूर्ण कार्यशैलीका कारण उनी चर्चित पनि छन् । काठमाडौंका मेयर बालेन्द्र शाह (बालेन)ले आफ्नो कार्यकक्षमा 'ग्रेटर नेपाल'को नक्सा राखेपछि यसलाई अनुशरण गर्ने जनप्रतिनिधिहरु बढ्दै छन् ।

भारतले नवनिर्मित संसद भवनमा नेपालको लुम्बिनी क्षेत्रको भूभाग समेटेर 'अखण्ड भारत'को नाम दिएर नक्सा बनाएपछि मेयर बालेनले पनि काठमाडौं उपमहानगर पालिकाको आफ्नो कार्यकक्षमा हालको भारतीय भूभाग तर, प्राचीनकालको नेपाली भूभाग समेटिएको 'ग्रेटर नेपाल'को नक्सा टाँसेका थिए । नेपालको इतिहास र भौगोलिक अवस्थाको सम्झनास्वरुप मन्त्रीको कार्यकक्षमा ग्रेटर नेपालको नक्सा राखिएको मन्त्री दुलालको सचिवालयले जानकारी दिएको छ ।

मकवानपुरका स्थानीय तहका जनप्रतिनिधिले पनि 'ग्रेटर नेपाल'को नक्सा राखेका छन् । यसअघि थाहा नगरपालिकाको ३ नम्बर वडाअध्यक्ष हिरेन्द्र रायमाझी र हेटौंडा उपमहानगरपालिकाको ७ नम्बर वडा अध्यक्ष दामोदर गौतमले पनि आफ्नो कार्यकक्षमा पनि 'ग्रेटर नेपाल'को नक्सा राखेका थिए ।





## नि.मा.वि. गणित शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/३/७ गते*

यस विद्यालयमा रिक्त निमावि राहत गणित विषयको शिक्षक पदपूर्तिका लागि मिति २०८०/३/६ गते बसेको यस विद्यालयको वि.व्य.स.को निर्णय तथा शिक्षा शाखा थाहा नगरपालिका इन्द्रायणी चौर मकवानपुरको मिति २०८०/३/७ को च.नं. ३२५४ को पदपूर्ति अनुमतिपत्रका आधारमा योग्य तथा ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल:**

| | |
|---|---|
| विज्ञापन नं. | : ३/२०७९/८० |
| संख्या | : १ (एक) |
| अध्यापन गर्नुपर्ने विषय | : निम्न माध्यमिक तहको गणित |
| परीक्षाको किसिम | : लिखित तथा अन्तर्वार्ता |
| परीक्षा दस्तुर | : रु. १५००।- (एक हजार पाँच सय मात्र) |
| दरखास्त दिने स्थान | : श्री झम्केश्वरी माध्यमिक विद्यालय थाहा-१, ओखरबजार |
| दरखास्त दिने अन्तिम मिति | : २०८० असार २१ गतेसम्म । |
| तलब | : नेपाल सरकारको प्रचलित नियमानुसार । |
| सम्पर्क मिति | : २०८० असार २२ गते |
| परीक्षा कार्यक्रम | : सम्पर्क मितिका दिनमा तोकिनेछ । |
| उमेर | : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| आवश्यक न्यूनतम योग्यता | : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित मूल विषय लिई प्रविणता प्रमाण तह उत्तीर्ण वा सो सरह |

द्रष्टव्य:

क) दरखास्तका साथ शिक्षण अनुमतिपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसमेत अनिवार्य पेश गर्नुपर्नेछ ।

ख) अनुभवी तथा बढी योग्यता भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

ग) परीक्षाको दिन सम्पूर्ण प्रमाणपत्रको सक्कल कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

घ) दरखास्त इमेल मार्फत पनि प्रेषित गर्न सकिनेछ । सोका लागि परीक्षा दस्तुर यस विद्यालयको खातामा जम्मा गरी भौचर पठाउन पर्नेछ ।

खाताको नाम: JHAMKESHWARI MADHYAMIK VIDHYALAYA
खाता नं. : 02500100441538000001

अन्य विस्तृत जानकारीका लागि विद्यालयमा वा निम्न नम्बरहरुमा सम्पर्क राख्नुहोला ।

**श्री झम्केश्वरी माध्यमिक विद्यालय**
थाहा नगरपालिका १, ओखरबजार, मकवानपुर
**सम्पर्क: ९८५५०७२३१४, ९८५५०७६९०८**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना